# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ४, अङ्क ४७, पूर्णाङ्क १९३ | २०७६ जेठ ८ गते बुधबार | Wednesday, 22 May 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेत्री बन्धु चन्द जेल चलान



**काठमाडौँ** : कैलाली जिल्ला अदालतले नेकपाकी केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष बन्धु चन्दसहित चारजनालाई गत बुधबार पुर्पक्षका लागि थुना आदेश दिँदै जेल चलान गरेको छ । उनलाई प्रहरीले डेढ महिनाअघि अछामबाट गिरफ्तार गरेको थियो । नेत्री चन्दलाई सरकारले राज्यविद्रोहको मुद्दा लगाएको छ ।

## नेकपा भेरी ब्युरो इन्चार्ज शीतल र सुर्खेत सेक्रेटरी यमराज गिरफ्तार



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा भेरी ब्युरो इन्चार्ज शीतल र सुर्खेत जिल्ला सेक्रेटरी ... बाँकी पृष्ठ ७ मा

## ११ विद्यार्थी संगठनले भने: सरकारी फासिवादविरुद्ध आगो दन्काउँछौं




**काठमाडौं** : ५५औं विद्यार्थी दिवसको सन्दर्भमा राजधानीमा भएको विरोध सभामा बोल्ने विद्यार्थी नेताहरुले ... बाँकी पृष्ठ ७ मा

# 'विधेयक पूर्ण रूपले खारेज गर' मिडिया काउन्सिल विधेयकविरुद्ध नेकपा

■ रातो खबर संवाददाता/काठमाडौं

केपी वली सरकारले चालू बर्खे अधिवेशनद्वारा पारित गर्ने गरी 'नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' पेस गरेको छ । हुनत उसले सुरक्षा परिषद्लगायत जनसरोकार तर जनविरोधी विधेयक संसद्मा पेस गरेको छ। अहिले सरकारले ल्याएका सबैजसो विधेयकहरूको विरोध भैराखेको छ । त्यसमा पनि मुख्य रूपमा 'नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' लाई लिएर चौतर्फी विरोध मात्र नभएर उक्त विधेयकका विरुद्ध नेपाल कम्युनिस्ट पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, नेकपा (माओवादी केन्द्र) हरूले पार्टीस्तरमा नै संयुक्त आन्दोलन नै घोषणा गरिसकेका छन् । अहिले पत्रकारहरूको साझा सङ्गठन नेपाल पत्रकार महासङ्घले चरणबद्ध आन्दोलन नै गरिराखेको छ।



नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No.:
दर्ता नं./Regd.No.:

**प्रेस विज्ञप्ती**

नेपालको प्रेस स्वतन्त्रतामा अंकुश लगाउने गरी अहिलेको सरकारले संसदमा पेश गरेको मिडिया काउन्सिल सम्बन्धि विधेयकलाई लिएर हाम्रो पार्टीले आफ्नो धारणा स्पष्ट गर्न चाहान्छ । नेपालका सबैखाले परिवर्तनकारी आन्दोलनमा प्रेसको महत्वपूर्ण योगदान रहँदै आएको छ । जनताको रगत र पसिना र रगतद्वारा प्राप्त सीमित अधिकारहरु पनि अहिलेको केपी सरकारले एकपछि अर्को गर्दै हडप्दै गएको छ । सरकारले गरेका गलत काम, भ्रष्टाचार, कालाबजारी, जग्गा दलाली, जनतन्त्र र राष्ट्रघातका विरुद्ध पत्रिकाहरुले लेख्न थालेपछि केपी–पीके सरकारले सञ्चार माध्यमहरुलाई नियन्त्रण गर्नकालागि विभिन्न कानून र ऐनको सिर्जना गर्दै गएको छ । कहिले साइबर क्राइम भन्दै पत्रकार गिरफ्तार गरिरहेको छ । कहिले सरकार विरोधी समाचार लेखेको नाममा यातनासम्म दिने गरेको छ । यो विधेयक पारित भएका सरकारका विरुद्ध लेख्ने पत्रकारलाई नगद एक करोडसम्म र जेल सजायँ दिन सक्ने प्रावधान राखिएकाले पनि सञ्चार क्षेत्र त्रसित हुनु स्वभाविक हो । आफूलाई लोकतन्त्र र प्रेस स्वतन्त्रताको वकालत गरेर नथाक्ने केपी सरकारको यस्तो रवैयाका विरुद्ध हामीसहित चार पार्टीहरुले संघर्षको घोषणा गरिसकेका छौं । त्यहीक्रममा पछिल्लो समयमा स्वतन्त्र पत्रकारितामाथि सरकारको ठाडो नियन्त्रणमा राख्ने गरी ल्याइएको यो विधेयकको हाम्रो पार्टी पूर्ण खारेजीको माग गर्नुका साथै अहिले उक्त विधेयकका विरुद्ध राजनैतिक पार्टीहरु, पत्रकार महासंघसहितले गरेको आन्दोलनप्रति पूर्ण समर्थन गर्नुका साथै ऐक्यबद्धता व्यक्त गर्दछ । साथै सम्वन्धित पक्षलाई आन्दोलनमा उत्रिन पनि निर्देशन गर्दछ ।

विप्लव

मिति:–२०७६ जेठ ७ गते

यही क्रममा नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले प्रेसविज्ञप्ति नै जारी गरी उक्त विधेयकको विरोध गर्नुका साथै आन्दोलनहरूमा समर्थन र ऐक्यबद्धता रहेको जनाएका छन् । साथै सबै पत्रकारहरूलाई आन्दोलनमा उत्रिन अपिल गर्नुका साथै निर्देशन पनि दिएका छन् ।




विप्लवले वक्तव्यमा भनेका छन्, 'नेपालको प्रेस स्वतन्त्रतामा अङ्कुश लगाउने गरी अहिलेको सरकारले संसद्मा पेस गरेको मिडिया काउन्सिलसम्बन्धी विधेयकलाई लिएर हाम्रो पार्टी आफ्नो धारणा स्पष्ट गर्न चाहन्छ । नेपालका सबैखाले परिवर्तनकारी आन्दोलनमा प्रेसको महत्वपूर्ण योगदान रहँदै आएको छ । जनताको रगत-पसिना र रगतद्वारा प्राप्त सीमित अधिकारहरू पनि अहिलेको केपी सरकारले एकपछि अर्को गर्दै हडप्दै गएको छ। सरकारले बाँकी पृष्ठ ७ मा

## मिडिया काउन्सिल विधेयकविरुद्ध सरोकारवालाहरू

■ रातो खबर संवाददाता/काठमाडौं

सरकारले हालै ल्याएको मिडिया काउन्सिल विधेयकविरुद्ध राजनीतिकर्मी र सरोकारवालाहरूले आक्रोश व्यक्त गरेका छन् ।

काठमाडौँस्थित राष्ट्रिय महिला आयोगको भवनमा शनिबार जनपत्रकार सङ्गठन नेपाललगायत ५ वटा पत्रकार सङ्गठनले बनाएको संयुक्त पत्रकार सङ्घर्ष समितिले आयोजना गरेको 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रश्न' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले विधेयकको विरोध गरेका हुन् ।

उनीहरूले सरकारले लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको मर्मविपरीत विधेयक ल्याएको बताएका छन् । वक्ताहरूहरूले सरकारलाई विधेयक फिर्ता नलिए आन्दोलनको आँधीहुरी सिर्जना गर्न बाध्य हुने चेतावनी पनि दिएका छन् ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)




त्यसैगरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले फ्रान्सेली शासकको 'मलाई ४ हजार सिपाहीभन्दा दुईवटा प्रेससँग डर लाग्छ' भन्ने भनाइ स्मरण गराउँदै यो सरकार पनि त्यसैगरी

वरिष्ठ अधिवक्ता एकाज भण्डारीले संसदका सदस्यहरू स्वतन्त्र नरहेको उदहारण मिडिया काउन्सिल विधेयक भएको बताएका छन् । कार्यक्रममा बोल्दै स्वतन्त्र ... बाँकी पृष्ठ ७ मा

## नेता जीवन्तलाई तीन दिनभित्र उपस्थित गराउन सर्वोच्चको आदेश

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य एवम् जनवर्गीय सङ्गठनका इन्चार्ज मोहनबहादुर कार्की 'जीवन्त' लाई तीन दिनभित्र अदालतमा उपस्थित गराउन सर्वोच्च अदालतले आदेश दिएको छ।

बन्दी प्रत्यक्षीकरणको रिटमाथि सोमबार भएको बहस सुनुवाइपछि अदालतले कार्कीलाई बाटोको म्यादबाहेक तीन दिनभित्र अदालतमा उपस्थित गराउन आदेश दिएको हो । काठमाडौँ जिल्ला अदालतको आदेशमा रिहा भएलगत्तै गत वैशाख ३० गते पुनः पक्राउ गरी सुनसरीको धरान पुऱ्याइएका जीवन्तलाई गैरन्यायिक रूपमा गिरफ्तार गरी बन्दी बनाइएको भन्दै सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट परेको थियो ।

उक्त रिटमाथि सोमबार न्यायाधीश मीरा



खड्का र टङ्कबहादुर मोक्तानको संयुक्त इजलासले जीवन्तलाई गिरफ्तार बाँकी पृष्ठ ७ मा

## नेपालीको दुर्दशा : गाँस–बास नेपालमा, स्वास्थ्य, शिक्षा र रोजगार भारतमा



■ रातो खबर संवाददाता/धनगढी

कैलाली जिल्लाको कैलारी गाउँपालिकामा यस्तो बस्ती छ जहाँ घर नेपाली भूमिमा छ तर विद्यालय भने भारतीय भूमिमा पर्दछ । कैलारी गाउँपालिका वडा नं. ७ हौसलपुरका बासिन्दा हालसम्म नेपाली किताब नदेखेको बताउँछन् ।

बस्तीका ४५ वर्षीया कालुराम चौधरी भन्छन्, 'हामी नेपाली हौँ । हामीसँग नेपालको नगरिकता छ तर नेपाली ... बाँकी पृष्ठ ७ मा

## क्रान्तिको प्रक्रिया रोकौँला भन्ने कल्पनै नगरे हुन्छ

**विशेष अन्तर्वार्ता**

### विप्लव

महासचिव, नेपाल कम्युनिस्ट पार्टी



» ***नेपालको पछिल्लो राजनीतिक अवस्थालाई यहाँले कसरी हेरिरहनुभएको छ ?***

यो विषय निकै महत्वपूर्ण छ । राज्य र जनताका बीचको सङ्घर्ष र सम्बन्ध, राजनीतिक शक्तिहरूबीचको आपसी सम्बन्ध र सङ्घर्ष इतिहासको एउटा नयाँ चरणमा प्रवेश गरेको जस्तो र नयाँ परिस्थिति नेपालमा सिर्जना भएको हामी देखिरहेका छौँ । अग्रगमन र पश्चगमन, परिवर्तन र यथास्थिति, प्रगति र अवनति, स्वाधीनता र पराधीनताका बीचमा विभिन्न खालका टक्कर र सङ्घर्षहरू देखापरिरहेका छन् । हामीले यसरी हेरेका छौँ ।

» ***पछिल्लो क्रममा निर्माण भएको राजनीतिक परिस्थिति र मिडियाहरूमा आएका विषयका बारेमा नेपाल कम्युनिस्ट पार्टीले के सोचिरहेको छ ?***

सबैलाई राम्रोसँग थाहा छ, देशमा विदेशी हस्तक्षेप जसरी बढ्यो र त्यो ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# क्रेटरमाथिको आसन

गत जेठ ३ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकता भएको एक वर्ष पुग्यो । उनीहरूले गएको संसदीय चुनावमा चुनावी गठबन्धन गरेका थिए । उक्त गठबन्धनले लगभग ५५ प्रतिशत मत प्राप्त गरेको थियो । २०७५ सालको फागुन ३ गते केपी वलीको नेतृत्वमा सरकार बन्दै गर्दा उक्त सरकारले दुईतिहाइ मत प्राप्त गरेको थियो । एकातिर आफ्नै गठबन्धनले स्पष्ट बहुमत प्राप्त गर्ने, अर्कोतिर सरकार दुईतिहाइ बहुमतमा बन्ने गर्दा यहाँका बुद्धिजीवी, मतदाता, सञ्चारमाध्यम, सरकारपक्षीय पार्टीका नेता/कार्यकर्ताहरूले केपी वली सरकार अब अजरअमर छ भन्न भ्याएका थिए । त्यसको केही समयपछि नै दुईवटा पार्टीका बीचमा एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) अथवा डबल नेकपा बन्न पुगेपछि सरकार र उक्त पार्टी चिरञ्जीवी बन्न पुग्छ भन्ने विचारहरू आउन थालेका थिए । यो पार्टी अभेद्य र अजेय भएको भन्नसम्म पुगेका थिए ।

यो एक वर्षमा उक्त पार्टीमा विशृङ्खलता देखापरेको छ । स्पष्ट ३ वटा तर यथार्थमा गुटैगुटको झुन्ड लिएर प्रचण्ड विचार, राजनीतिलाई तिलाञ्जली दिएर एमालेसँग एकताभन्दा पनि विलय हुन पुगेका थिए । साथै पूर्वएमालेले पनि गुटहरूको चाङ बनाइसकेको थियो । यसरी गुटैगुटले भरिएका दुई गुटहरूका बीचमा पद र प्रतिष्ठामा लेनदेनका आधारमा मिलन भएको थियो । त्यसैले सरकारी नेकपाको यात्राको सुरुआत नै विजातीय सम्मिश्रणबाट भएको थियो । उनीहरू मिलेर बनेको मिश्रण चिनी र पानीको भन्दा पनि बालुवा र पानीको असमान मिश्रण थियो । तर उसका नेताहरूले कार्यकर्ताहरूलाई संतृप्त घोल बनेको भ्रम पारिरहेका थिए । जुन यथार्थमा असंतृप्त घोल मात्र नभएर असमान घोल थियो । यसरी रसायन शास्त्रअनुसार सरकारी नेकपाको वर्तमान संरचना यौगिक असमान मिश्रण हो ।

उनीहरूको चाहना थियो, यी दुई पार्टीहरू पानीमा नुन घुलेजस्तो घुल्छन् तर एमाले पानी नभएर पेट्रोल थियो भने माओवादी केन्द्र नुन । त्यसैले उनीहरूका बीचमा तटस्थता देखापरेको थियो । त्यसैले यो एक वर्षका बीचमा उनीहरूमा वास्तविक एकता हुन सकेको छैन । सायद यो हुँदैन पनि । यसले गर्दा उनीहरूका बीचका एकताका गणितीय सूत्रहरू लगाइए पनि, सबै तहको एकता टुङ्गिएको भनिए पनि उनीहरूले खडा गरेको एकताको घर तासको महलजस्तो बन्न पुगेको छ । यसका तथ्यहरू काल्पनिक रूपमा खोज्न जरुरी छैन । त्यस पार्टीका नेताहरूले सार्वजनिक रूपमा गरेका अभिव्यक्तिहरूले नै पुष्टि गर्छन् । जब केपी सरकारले केही नयाँ कुरा सार्वजनिक गर्दछ तब कसले सबैभन्दा पहिला उक्त कुराको खण्डनमण्डन गर्ने भन्ने प्रतिस्पर्धा र होड नै चल्छ । उदाहरणका लागि नेपाल कम्युनिस्ट पार्टीमाथि केपी सरकारले घोषणा गरेको प्रतिबन्ध, नागरिकतासम्बन्धी गृह मन्त्रालयले जारी गरेको विज्ञप्ति र 'नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' लाई लिन सकिन्छ । अहिले सरकारी नेकपाभित्र यी तीनवटा प्रतिबन्ध, निर्देशन र विधेयकलाई लिएर खुला बहस सुरु भएको छ । यो पार्टीभित्र स्पष्ट दुई तप्का देखापरेको छ । यति मात्र नभएर सरकारले गरेका यी कुनै निर्णयहरू पार्टीभित्र कुनै छलफल वा निर्णय नगरीकन ती निर्णयहरूको स्वामित्व पार्टीले लिन नसक्ने कुरा माधव नेपाल र झलनाथ खनालहरूले सार्वजनिक रूपमा नै भन्दै आएका छन् । पूर्वमाओवादी केन्द्रका जनार्दन शर्मा र अग्नि सापकोटाहरू पनि खुलै विरोधमा उत्रिरहेका छन् । प्रचण्डहरू यही मौकामा केपी वलीहरू कमजोर हुनेछन् र आफूहरूले सत्ताको तर मार्न पाइन्छ भन्ने 'झर्ला र खाउँला' को पर्खाइमा रहेका छन् । त्यही पर्खाइ र दौडमा माधव नेपाल र वामदेव गौतमहरू नहुने कुरा भएन । केपी वली वाक्‌पटुता, पार्टी सञ्चालनमा देखापरेको गैरजनवादी पद्धति भनौँ वा हैकमवादी रबैयाले पार्टीभित्र एकताभन्दा पनि अनेकता र मतभिन्नता बढी हुँदै गएको छ । उनमा देखापरेको एकल हिरोपनले सरकारी नेकपा चर्केको हाँडीजस्तो बन्न पुगेको छ जुन कुनै बेला प्याट्ट फुट्छ, थाहा छैन ।

यति मात्र नभएर सरकारमा पनि केपी वलीको एकबर्से कार्यकालको ग्राफ गिर्दै गएर नकारात्मक हुँदै गएको छ । सुरुका दिनहरूमा केपीले भाषण गरेर सपनाको ढेर बाँड्ने काम गरे । परराष्ट्रनीतिमा उनको हुँकार पछिल्लोक्रममा डोलायमान मात्र होइन, अमेरिका, चीन र भारतको रणभूमिमा परिणत हुने क्रम जारी रहेको छ । हिन्द–प्रशान्तीय रणनीति र सडक क्षेत्र पहलका कारण भारत डोलायमान हुन पुगेको अवस्थामा चुनावपछि मोदीको पल्लाभारीसँगै उसले एक धार समात्नेछ । त्यसपछि केपी सरकारको अवस्था झनै बिग्रेर जानेवाला छ । त्यसैले अन्तरपार्टी कलह, केपीको सरकारमाथि वैदेशिक दबाब, राष्ट्रिय अन्तर्विरोधले गर्दा केपी वली विस्फोटका लागि तयार भएको ज्वालामुखीको मुखमा बसेको जस्तो भएका छन् ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# नेपाली समाजको वर्तमान अन्तरविरोध



अमर झाँक्री 'सञ्जीव'

यतिबेला नेपाली समाज दलाल पुँजीपति वर्ग र श्रमिक जनताहरूबीचको सङ्घर्षको प्रक्रियाबाट अगाडि बढिरहेको छ । सामाजिक दलाल पुँजीपति वर्गद्वारा नेतृत्व गरिएको दलाल पुँजीवादी राज्यसत्ताले श्रमिक वर्गको वैज्ञानिक समाजवादी राज्यसत्ता निर्माणको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएपछि नेपालको राष्ट्रिय राजनीतिमा नयाँ ध्रुवीकरणसहित वर्तमान राज्यसत्ताको पटाक्षेप हुन पुगेको छ । अनौठो कुरा त के रह्यो भने झन्डै डेढ दशक लामो जेलजीवन बिताएका वर्तमान प्रधानमन्त्री केपी वली र सोही समयबराबर भूमिगत राजनीतिक जीवनबाट शान्तिप्रक्रिया हुँदै वर्तमान अवस्थामा पुगेका पीके दाहालको गठजोडमा यस प्रकारको डिजाइन प्रयोग गरिएको छ । यी दुवैले नेपालमा कम्युनिस्ट राज्यसत्ता स्थापनाका लागि लामो समय पार्टीको नेतृत्व गरे । सामन्तवादविरोधी विभिन्न सङ्घर्षको नेतृत्व गरे । उनीहरूको आह्वानलाई स्वीकार्दै नेपाली श्रमिक जनताले ठूलाठूला सङ्घर्षहरूमा भाग लिए । बलिदान दिए । अझ पीके दाहालले त संसदीय व्यवस्थाका विरुद्ध जनयुद्धको नेतृत्व पनि गरे जहाँ हजारौँ नेता-कार्यकर्ता तथा जनसमुदायको वीरतापूर्ण सहादत भयो । तर आज उनीहरूले कम्युनिस्ट राजनीतिलाई लामो समयको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त भएका सकारात्मक उपलब्धिहरूलाई भँजाएर केवल आफूलगायत आफ्ना सीमित समूहको नकारात्मक स्वार्थपूर्ति गर्ने माध्यम बनाएका छन् ।

आज उनीहरूले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिवन्ध लगाएका छन् । उनीहरूले नेपाल कम्युनिस्ट पार्टीका विरुद्ध अपनाएको प्रवृत्तिले के सङ्केत गर्दछ भने पहिलो उनीहरूले राजनीतिक विज्ञानलाई बुझ्न सकेनन् वा बुझेर पनि बुझपचाएका छन् किनभने राजनीतिक विज्ञानद्वारा निर्देशित क्रान्ति शासकवर्गको दमनले रोकिने भए उनीहरू यो अवस्थामा पुग्ने थिएनन् । उनीहरू उत्तिखेरै मारिन्थे वा अहिले जेलमा हुने थिए । दमनले राजनीतिक विज्ञानको यात्रा रोकिने भए मानव समाज आज पनि दासयुगमा नै हुने थियो । दोस्रो, उनीहरू भूमिगत जीवनमा राज्यसत्ताको दमन (प्रतिबन्ध, धरपकड, हत्या, गिरफ्तारी, जेल-हिरासत आदि) बाट निकै आतङ्कित हुने गर्दथे भन्ने कुरालाई उनीहरूको वर्तमान व्यवहारले स्पष्ट गर्दछ । हुन पनि उनीहरू दुवैजना राज्यसत्ताका सामु आत्मसमर्पण गरी लत्रिएका पात्रहरू हुन् । कुनै बेला एकअर्कालाई विभिन्न आरोप-प्रत्यारोप गर्दै भौतिक रूपले समाप्त पार्ने दिशामा रहेका दुवै पात्रहरू आज एकै ठाउँमा बसेर क्रान्तिकारीहरूलाई दमन गर्ने अभियानमा लागिरहेका छन् । यो कुरा पुनः साबित हुनेछ- उनीहरूको सम्पूर्ण दमन अभियानका षड्यन्त्रहरूलाई पराजित गर्दै नेपाली क्रान्ति सफल भइछाड्नेछ । यो आलेखमा नेपाल कम्युनिस्ट पार्टीविरुद्ध लगाइएको प्रतिबन्धका बारेमा सङ्क्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

## पहिलो, प्रतिबन्धको अन्तर्राष्ट्रिय आयाम

आज विश्वको राजनीतिक परिवेश बहुध्रुवमा विभाजित हुन पुगेको छ । सोभियत सङ्घको विघटनपछि केही दशक एकल ध्रुवीय विश्वराजनीतिमा आफ्नो एकछत्र प्रभुत्व कायम गर्नपुगेको अमेरिकी साम्राज्यवादको एकाधिकारलाई तोड्दै रुस, चीनलगायत देशहरूले अर्को ध्रुवको नेतृत्व गर्न पुगेका छन् । यसरी आज एकातिर रुस, चीन, जनगणतन्त्र कोरिया (उत्तरकोरिया), इरान र भेनेजुयलाजस्ता राष्ट्रहरूको बलियो समीकरण बन्न पुगेको छ भने अर्कोतिर अमेरिका, बेलायत, फ्रान्स, जापान, दक्षिणकोरियालगायत मुलुकहरूको गठबन्धन रहेको छ । यी दुई ध्रुवको नेतृत्व गर्न पुगेका महाशक्ति राष्ट्रहरूको आपसी टक्कर र अन्तरविरोधको मूल कारण संसारभर आफ्नो बजार विस्तार गर्नु तथा विभिन्न राष्ट्रहरूमा रहेका कच्चा पदार्थहरू कब्जा गर्नुमा निहित रहेको छ । यिनै उद्देश्यहरू हासिल गर्न आज उनीहरू एकअर्कालाई राजनीतिक र फौजी घेरा र प्रतिघेरा गर्दै अगाडि बढिरहेका छन् । यसै सिलसिलामा एक्काईसौं शताब्दीको पहिलो दशकमा आफूलाई अभूतपूर्व विकाससहित आर्थिक र सैन्य दृष्टिकोणले विश्वकै पहिलो शक्तिका रूपमा विकास गर्दै एसियाली राष्ट्र चीन अगाडि बढिरहेको छ । चीन जापानको उपनिवेशताका अमेरिकाले गरेको संश्लेषण : चीनलाई सुतिरहन देऊ । त्यो ब्युँझियो भने संसारलाइ निल्नेछ भन्ने कुरालाइ चरितार्थ गर्दै विश्वमा नयाँ शक्तिका रूपमा उदाइरहेको चीनलाई घेरा हाल्न अमेरिकी साम्राज्यवाद जोरजुलुमका साथ लागिपरेको छ । यसको पुष्टि दलाई लामाद्वारा नेतृत्व गरिएको फ्रि तिब्वत आन्दोलनलाई विश्वव्यापी रूपमा आर्थिक सहयोग गर्न अमेरिकी सिनेटले गरेको निर्णय तथा उनीहरूको आन्दोलनलाई कतै पनि हस्तक्षेप नगर्न गरिएको आह्वान, चीनसँगको व्यापारमा लगाइएको करवृद्धिका कारण पछिल्लोपटक विकसित चीन-अमेरिका व्यापारयुद्ध, दक्षिण चीन सागरमा अमेरिकी सेनाको नेतृत्वमा सञ्चालित बृहत्तर सैन्य अभ्यास तथा ताइवानमा ठूलो सङ्ख्यामा सेना र हतियारको केन्द्रीकरण आदि घटनाक्रमले उपरोक्त तथ्यहरूलाई स्पष्ट गर्दछन् । यसका साथै अर्को महत्वपुर्ण तथ्य के रहेको छ भने चीनलाई घेरा हाल्न अमेरिकी साम्राज्यवादलाई सबैभन्दा सजिलो नेपालको भूगोल प्रयोग गर्नु रहेको छ । त्यसका लागि उनीहरूले आफ्ना विभिन्न रणनीतिक महत्वका गतिविधिहरू दक्षिणएसिया र मुख्यक्त नेपाल केन्द्रित गर्न पुगेका छन् जसअन्तर्गत धर्मनिरपेक्ष भनिएको देशमा एकनाथ ढकालको संयोजनमा दक्षिणकोरियाका नागरिक होक्जामुनद्वारा आयोजित धार्मिक कार्यक्रममा प्रम केपी वली कार्यक्रम अवधिभर सोही स्थानमा बसेबापत दिइएको एक करोड अमेरिकी डलरको पुरस्कार तथा सङ्घ, प्रदेश र स्थानीय जनप्रतिनिधिहरूको उपस्थिति तथा त्यहाँ भएका गतिविधिहरूले हामी सम्पुर्ण नेपालीलाई लज्जित तुल्याएको छ । यसलाई होली वाइन प्रकरण भनेर बुझिन्छ । नेपाल-अमेरिका सम्बन्धको इतिहासमा लामो समयपछि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई आफ्नै देशमा मन्त्रणा गरी ठूलो धनराशिको प्रलोभनसहित इन्डोप्यासिफिक रणनीतिक सम्झौताका लागि दबाब उत्पन्न गरिएको छ । पछिल्लोपटक पुष्पकमल दाहाललाई अमेरिका बोलाइ उक्त सम्झौता जसरी पनि गर्नुपर्नेमा जोड दिइएको छ । विगतमा अमेरिकाको नेपाल नीति भारतद्वारा हुने गरेको सन्दर्भमा साउथ ब्लक बिस्तारै रसियन क्याम्पमा ढल्किनुले अमेरिकालाई भस्काएको हुनु पर्दछ जसका कारण उनीहरूकै डिजाइनमा नेपालको तराई क्षेत्र र भारतको बिहार एवम् उत्तरप्रदेशका निश्चित भूभागहरूलाई मिलाएर छुट्टै राष्ट्र बनाउने सीके राउतको घोषित योजनामा भारतबाट हुनसक्ने सम्भावित खतराका कारण सीके राउत प्रकरण अगाडि बढाइएको छ । यद्यपि उनीहरूका बीचमा सम्पन्न ११ बुँदे सम्झौताका बारेमा आआफ्नै तर्क र व्याख्याहरू सतहमा आएका छन् । त्यसैगरी रूपमा कम्युनिस्ट नाम गरेका सामाजिक दलाल र सारमा उनीहरूकै दलालहरूमार्फत नेकपामाथि प्रतिबन्ध लगाइएको छ । अमेरिकी साम्राज्यवाद कम्युनिस्टको 'क' पनि सुन्न चाहँदैन । उनीहरूले सरकारी संसदीय कम्युनिस्ट वा सामाजिक दलालहरूलाई उपयोग गरी कम्युनिस्ट पार्टीलाई ध्वस्त पार्ने रणनीतिअन्तर्गत प्रतिबन्धको प्रकरण अगाडि बढाएका छन् । यो पनि निश्चित छ- सामाजिक दलालहरूलाई पनि एउटा निश्चित सीमासम्म परिचालन वा प्रयोग गर्ने हो । जब सीमा अर्थात् उनीहरूको उपयोगिता सकिनेछ तब साम्राज्यवादले केपी-पीकेमण्डलीलाई पनि रद्दीको टोकरीमा मिल्काइदिनेछ जसरी पश्चिमबङ्गालका ज्योति वसुलाई प्रयोग गरेर चारु मजुमदारलगायत नक्सलवादी सङ्घर्षलाई सिध्याए । अन्ततः उनलाई पनि अब कहिल्यै सरकारमा फर्किन नसक्ने गरी सिध्याइदिएको छ । उनीहरू यही फर्मुला नेपालको हकमा प्रयोग गर्न चाहन्छन् । अमेरिकी साम्राज्यवादीहरूकै डिजाइनअनुसार उपेन्द्र-बाबुरामका बीचमा पार्टी एकता भएको छ । यी दुवै प्रो-अमेरिकीहरू हुन । विभिन्न गुटहरू सञ्चालन गरेर देशलाई अस्थिर बनाउने रणनीतिअन्तर्गत यो प्रक्रिया अगाडि बढाइएको छ । यी सम्पूर्ण अन्तर्राष्ट्रिय शृङ्खलाहरूको एकीकृत आयामका रूपमा वर्तमान नेपालका राजनीतिक घटनाक्रमहरू अगाडि बढिरहेका छन् ।

## दोस्रो, प्रतिबन्धको राष्ट्रिय आयाम

देशमा सञ्चालित सामाजिक दलाल वर्ग अर्थात् संसदीय कम्युनिस्टहरूको नेतृत्वमा सरकार सञ्चालन भइरहेको छ । राष्ट्रघात, जनघात, भ्रष्टाचार, महँगी, बेलगाम करवृद्धि र कालोबजारीले जनतालाई आक्रान्त बनाएको छ । व्यापारघाटा, वैदेशिक ऋण अहिलेसम्मकै उच्च रहेको छ । निर्मला हत्याकाण्ड, वाइडबडी काण्ड, एनसेल काण्ड, होली वाइन काण्ड, अरूण तेस्रो काण्ड, बूढीगण्डकी काण्डलगायत काण्डैकाण्डमा सामाजिक दलालहरूको नेतृत्वमा रहेको सरकार फसेको छ । शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभुताजस्ता नैसर्गिक अधिकारबाट जनतालाई विमुख बनाइएको छ । निर्वाचित जनप्रतिनिधिहरू आफ्नै विकास बजेटमा कमाउधन्दामा लागेका छन् । रोजगारीको अभावमा लाखौँ युवाहरू विदेश पलायन भएका छन् । रेमिट्यान्स, वैदेशिक ऋण र वैदेशिक सहयोगको कुल योगमा राष्ट्रको बजेट तय गरिन्छ । राष्ट्रिय उद्योगहरू निजीकरण गरिएका कारण राष्ट्रिय उत्पादन घट्न गई कुल राष्ट्रको निर्यात ९ प्रतिशतमा सीमित हुन पुगेको छ । राष्ट्रिय गौरवका विकास आयोजनाहरू प्रायः ठप्प हुन पुगेका छन् । सामाजिक असुरक्षा र विकृति-विसङ्गतिले सिङ्गो समाजलाई धरापमा पार्दै लगेको छ । राष्ट्रघातका कारण देशभक्त शक्तिहरू मर्माहत भएका छन् । यी सम्पूर्ण असफलताहरूलाई विषयान्तर गर्न सामाजिक दलाल सरकारद्वारा प्रतिबन्धको प्रकरण अगाडि सारिएको छ । हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीको निष्कर्ष छ- दलाल संसदीय व्यवस्थाबाट देश र जनताको शान्ति र समृद्धि किमार्थ सम्भव छैन । गत तीन तहको निर्वाचनकै क्रममा उनीहरूका राष्ट्र र जनतालाई झुक्याउने चालबाजी चलिरहेकै बेला हामीले भनेका थियौँ- यी सबै नाटक र बकबास मात्र हुन् । आज घटनाक्रमले हाम्रो निष्कर्षलाई सही साबित गरिदिएको छ । हाम्रो यो निष्कर्ष कुनै हवाईकल्पना थिएन । हामीले देखिरहेका छौँ- आज विश्वव्यापी रूपमा संसदीय व्यवस्थाले कतै पनि श्रमिक जनतालाई शान्ति र समृद्धि दिएको छैन, बरु चौतर्फी अशान्ति र विशृङ्खलता मात्र दिएको छ । यसको समाधान केवल वैज्ञानिक समाजवादले मात्र दिन सक्छ । त्यसका लागि वर्तमान दलाल राज्यसत्ताको भण्डाफोर गर्दै वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापनाका लागि वैचारिक, सङ्गठनात्मक र अन्य विभिन्न तयारी गर्न हाम्रो पार्टीले चारमहिने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गरेको थियो । उक्त अभियानमा सम्पन्न भएका पार्टीको विचार, राजनीति, सङ्गठनात्मक, सांस्कृतिक कार्यक्रम, सङ्घर्ष, प्रचारप्रसार, जनश्रम तथा देशव्यापी हजारौँको सङ्ख्यामा राजनीतिक ध्रुवीकरणले सामाजिक दलाल सरकार रक्षात्मक बन्न पुग्यो । देशव्यापी रूपमा सत्ताधारी वा प्रतिपक्षी संसदीय राजनीतिक पार्टीहरू सत्ताको वरिपरि केन्द्रित भइरहेको सन्दर्भमा हाम्रो पार्टीले जनताको बीचमा गई चलाएका राजनीतिक कार्यक्रमहरूले जनतामा ठूलो उत्साह थप्दै आम जनता पार्टीको सहयोगी सङ्गठनमा आबद्ध हुन पुगे । संसद्‌वादी पार्टीहरूले चुनावमा जनताका बीचमा गरेका प्रतिबद्धताहरू पूरा गर्नुको साटो उल्टो दिशामा हिँड्न थालेपछि आमजनतामा दलाल सरकारप्रति घृणा बढ्न थाल्यो । बौद्धिक वर्ग, कर्मचारी, व्यापारी तथा राष्ट्रिय पुँजीपति वर्गमा समेत असन्तुष्टि बढ्न थालेपछि आफूलाई दुई तिहाइको दम्भको घोषणा गर्ने वली सरकार सङ्कटको भुमरीमा पर्न थाल्यो । यसप्रकारको वस्तुगत अवस्थामा आफ्ना राष्ट्रघाती तथा जनघाती क्रियाकलाप ढाकछोप गर्न वली सरकार के निहुँ पाऊँ कनिका बुक्याऊँको चरितार्थ गर्दै ७२ अर्ब कर छली गर्ने सूचना प्रदायक संस्था एनसेलमाथि गरिएको जनकारबाहीको बहाना बनाई नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउन पुगेको छ । निष्कर्षमा के भन्न सकिन्छ भने केपीको नेतृत्वमा रहेको सामाजिक दलाल सत्ताले आफ्ना असफलताहरूको ढाकछोप गर्न देशलाई गृहयुद्धमा लैजान हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाएको छ । यो सत्य नै आज नेपाल राष्ट्र र नेपाली जनताको निष्कर्ष हो ।

## तेस्रो, केपी–प्रचण्डको साम्राज्यवादी दलालीकरणको भद्दा रूप

आफ्नो सत्ता स्वार्थका लागि साम्राज्यवादको दलाली गर्नु अल्पविकसित राष्ट्रहरूका सरकारको आमविशेषता हुने गरेको छ । आजको साम्राज्यवादी युगमा यो कुरा राम्ररी प्रस्ट भएको छ- हाम्रोजस्ता अल्पविकसित मुलुक वा तेस्रो उत्पीडित मुलुकहरूले आफ्ना साम्राज्यवादी मालिकहरूको दलालीकरण नगरीकन उनीहरूको सत्ता एकछिन पनि टिक्न सक्दैन किनकि साम्राज्यवादले योजनाबद्ध रूपमा प्रत्येक देशमा दुई वा दुईभन्दा बढी गुटहरू निर्माण गरी एकसाथ परिचालन गरिरहेको हुन्छ । उनीहरू आफ्नो स्वार्थका लागि जो अनुकूल पात्र वा पार्टी अगाडि आउँछ, उसैलाई प्रयोग गर्न पुग्छन् । यति मात्र होइन, उनीहरूले आफ्नो हितअनुकूल काम गरेनन् भने भौतिक रूपले सफाया गर्नेसम्मको योजना बनाउँछन् । अन्तर्राष्ट्रिय रूपमा हेर्दा इराकका सद्दाम हुसेन, अफगानिस्तानका बिन लादेन, लिबियाका कर्णेल गद्दाफीलगायतलाई कुनै बेला जिहादीका रूपमा आर्थिक र भौतिक सहयोगसहित आफैँले निर्माण गरी हुर्काएको थियो । जब उनीहरूले आफ्नो राष्ट्र र जनताप्रति अलिकति अडान लिन थाले तब उनीहरूलाई सैनिक हस्तक्षेप गरी हत्या गर्न पुगे । आज उनीहरूले विश्वव्यापी अस्थिरता पैदा गर्न विभिन्न आतङ्कवादी सङ्गठनहरूको निर्माण गरी परिचालन गरिरहेका छन् । माथि नै चर्चा गरिसकिएको छ- आज नेपाल साम्राज्यवादीहरूले आफ्नो सत्तास्वार्थका लागि विभिन्न रणनीतिक योजनाहरू अगाडि सारिरहेका छन् । त्यसका लागि उनीहरूले केपी-प्रचण्डमण्डलीलाई अधिकतम प्रयोग गर्न चाहन्छन् भने केपी-प्रचण्ड पनि आफ्नो सत्तास्वार्थका लागि आफ्ना मालिकको जस्तोसुकै आदेशको पालना गर्न चाहन्छन् । उनीहरूले आफू साँचो अर्थमा कम्युनिस्ट नभएको, बरु उनीहरूको बफादार भएको देखाउन चाहन्छन् भने जनतालाई कम्युनिस्ट भएको र समाजवाद आफ्नो रणनीतिक उद्देश्य भएको कुरा बताइरहेका छन् । राजनीतिक तथा वैचारिक दृष्टिले उनीहरूको दिवालियापनको पर्दाफास भइसकेको छ भने व्यावहारिक रूपले पनि उनीहरूको चरित्र क्रमशः पटाक्षेप हुँदै गइरहेको छ । साम्राज्यवादको विभिन्न दबाब र षड्यन्त्रहरूको डिजाइनमा उनीहरूले आज राष्ट्रघात र जनघात शृङ्खलाको निरन्तरतामा नेपालको भूराजनीतिमा दीर्घकालीन असर पुग्ने गरी कैयौँ रणनीतिक सम्झौताहरू गर्न पुगेका छन् । यी घटनाक्रमहरू केपी-पीकेको गठजोडमा आफ्ना साम्राज्यवादी मालिकहरूलाई खुसी तुल्याउनका लागि गरिएका शृङ्खलाबद्ध राष्ट्रघात तथा जनघातका घटनाक्रमहरू हुन् । आफ्नो सत्ताको रक्षार्थ आगामी दिनमा थप राष्ट्रघात र जनघातका शृङ्खलाहरू अरू बढेर जाने कुरा निश्चित छ ।

## चौथो, क्रान्तिकारी पार्टीको दायित्व

क्रान्तिकारी पार्टी त्यस्तो पार्टी

बाँकी पृष्ठ ५ मा

पृष्ठ १ बाट क्रमशः

# क्रान्तिको प्रक्रिया रोकौँला भन्ने कल्पनै नगरे हुन्छ

बढाउने काममा नेपालकै एउटा दलाल प्रवृत्तिको जुन भूमिका रह्यो, नेपालको जनअधिकारको कुरा, जनजीवनको कुरा, जनजीविका सङ्कटमा पुग्यो, ती कुराको प्रतिरोधका निम्ति नै हाम्रो पार्टीले सङ्घर्ष गर्‍यो । देश र जनताको नेतृत्व गर्ने एउटा पहल गर्‍यो । त्यसमा सबैको सहानुभूति, सहयोग र समर्थन पनि भयो । त्यसैको परिणाम नै आज हामीले प्रतिबन्धको अवस्था भोग्नुपरेको छ । यो प्रतिबन्ध के हो भने हाम्रो पार्टीले दलाल पुँजीपति वर्गको साम्राज्यवादपरस्त नीति, पुँजीवादी विश्वव्यवस्थासँग गरिएको आत्मसमर्पण, जनता र जनतामा आएका ठूलाठूला घात-प्रतिघातहरूका विरुद्धमा हाम्रो पार्टीले नेतृत्व गरेको छ भन्ने कुराको प्रमाण हो यो ।

» ***नेकपामाथि सरकारले प्रतिबन्ध लगाउनुको कारण के हो ?***

यसलाई हामीले दुईतीनवटा कोणबाट हेर्नुपर्छ । पहिलो कुरा, यसलाई सैद्धान्तिक दृष्टिबाट हेर्दा प्रतिबन्ध भनेको एउटा वर्गहितमा खडा गरिएको राज्यभित्र, वर्गसङ्घर्ष चलिरहेको समाजभित्र र वर्गको नेतृत्व गरिरहने प्रवृत्तिहरूका बीचमा यो निरन्तर चलिरहने प्रक्रिया हो । नेपालको हकमा वा विश्वकै हकमा त्यही कुरा हो । यो हाम्रो हकमा मात्र लागू भएको नयाँ परिघटना होइन । प्रतिबन्धलाई हामीले कसरी हेरेका छौँ भने एउटा वर्गस्वार्थ, वर्गहित र वर्गप्रवृत्तिका बीचको एउटा टक्करको परिणाम हो भन्ने हामीले बुझेका छौँ । किनभने यो प्रतिबन्ध कसरी लाग्यो त ? कतिबेला लाग्यो ? कसरी लाग्यो ? भनेर हेर्दा जतिबेला हामीले हाम्रो देशमाथि लादिएका असमान सन्धिसम्झौताहरूको प्रतिरोध गर्‍यौ, राष्ट्रघाती सन्धिसम्झौताहरूको प्रतिवाद गर्‍यौँ, त्यतिबेला हामीलाई प्रतिबन्ध लगाइयो । हामीले यो कुरा आज भने होइन नि जुन दिन गण्डक सम्झौता भयो, जुन दिन कोसी सम्झौता भयो, जुन दिन माथिल्लो कर्णालीको सम्झौता भयो, जुन दिन सुस्त र महेशपुरहरू मिचिए, जुन दिन अरुण ३ माथि घात भयो, त्यस दिनदेखि नै हामीले भनेका थियौँ- यो हामीमाथि साम्राज्यवादी शक्तिहरूले लादेको राष्ट्रविरोधी, जनविरोधी सम्झौताहरू हुन्, यो खारेज हुनुपर्छ भनेर हामीले सङ्घर्ष गर्‍यौँ । त्योबेला हामीमाथि प्रतिबन्ध लाग्यो । अर्को, जब जनयुद्धका उपलब्धिहरूलाई, यहाँका मजदुरहरूले पाएको अधिकारलाई, किसानहरूले पाएका अधिकार हरूलाई, महिलाहरूले पाएका अधिकारहरूलाई कुण्ठित गर्ने र उत्पीडितहरूले दलितहरूले पाएको अधिकारलाई खोस्ने जुन खेल चल्यो त्यसको प्रतिवाद हामीले गरेपछि हामीमाथि प्रतिबन्ध लाग्यो । त्यसैले हामी के देख्छौँ भने प्रतिबन्ध भनेको वर्गस्वार्थसँग जोडिएको विषय हो । वर्गहित र वर्गस्वार्थ पूर्ति गर्ने राज्यसँग जोडिएको कुरा हो । त्यसकारण वर्गसङ्घर्ष चलिरहेको समाजमा वर्गहितको नेतृत्व गरिरहेको राज्यभित्र राज्यले गर्ने प्रतिबन्ध र जनताले गर्ने विद्रोह वा राज्यले गर्ने दमन र जनताले गर्ने विद्रोह, राज्यले लगाउने प्रतिबन्ध र जनताले गर्ने प्रतिरोध यो निरन्तर प्रक्रिया हो । योचाहिँ वर्गसत्ताको अन्त्य नभएसम्म चलिरहने कुरा हो भन्ने हामीलाई लाग्छ । एउटा सैद्धान्तिक कुरा यो हो ।

दोस्रो कुरा, व्यावहारिक कुरा आउँछ । व्यावहारिक ढङ्गले ठ्याक्कै एकदम प्रयोगमा हेर्दा कतिबेला हामीमाथि प्रतिबन्ध लाग्यो भने जब हामीले एक खर्बवरिपरि राज्यको सम्पत्ति अपचलन गर्ने वा ठग्ने एनसेलमाथि कारबाही गर्‍यौँ त्यसपछि हामीमाथि प्रतिबन्ध लाग्यो । जतिबेला हामीले मानवतस्करी गर्ने विभिन्न सङ्घसंस्थालाई चेतावनी दिनका लागि कारबाही गर्‍यौँ, त्यसपछि हामीमाथि प्रतिबन्ध लाग्यो । जब यहाँ किसान र सुकुमबासीहरूलाई उठीबास गर्ने खेलहरू चले, त्यसो नगर भन्दा हामीमाथि प्रतिबन्ध लाग्यो । बिनाकारण दर्जनौँ मजदुर लाई निष्कासन गर्दा त्यसो गर्नु हुँदैन भन्दा हामीमाथि प्रतिबन्ध लाग्यो । भनेपछि यो राज्यले केको प्रतिनिधित्व गर्छ त ? व्यावहारिक ढङ्गले भन्दा आजको दिनमा नेपालको यो राज्यसत्ताले मजदुर, किसान, महिला, दलित, जनजाति र उत्पीडित समुदायको प्रतिनिधित्व गर्दैन । यो सरकारले दमन गर्ने, उनीहरूमाथि शोषण गर्ने, जनतामाथि शोषण गर्ने वर्गको हितरक्षा गर्छ भन्ने साबित हुन्छ । त्यसैले प्रतिबन्धलाई हामीले कुनै ठूलो आकस्मिक घटना ठानेका छैनौँ । यो भइराख्ने कुरा हो ।

नेपालको हकमा हेर्ने हो भने यो हामीमाथि यो पहिलो प्रतिबन्ध होइन, यो पाँचौँ प्रतिबन्ध हो । राणाहरूले पनि प्रजातान्त्रिक आन्दोलनमा प्रतिबन्ध लगाएका थिए । फाँसी नै दिएका थिए । त्यसपछि पञ्चायत व्यवस्थाले सबै कम्युनिस्ट र काङ्ग्रेसमाथि प्रतिबन्ध लगाएको थियो । त्यो पनि हामीले भोगेकै हो । त्यसपछि २००८ सालमा काङ्ग्रेस र राजतन्त्र मिलेर, खासगरी काङ्ग्रेसले कम्युनिस्टमाथि प्रतिबन्ध लगाएकै हुन् । त्यो तेस्रो प्रतिबन्ध हो । ०५२ सालपछि पनि हामीमाथि प्रतिबन्ध लाग्यो । चौथो प्रतिबन्ध भयो जनयुद्ध गरेको आरोपमा । आज फेरि हामीमाथि प्रतिबन्ध लागेको छ राष्ट्र र जनताको प्रतिनिधित्व गरेको कारणले । यसलाई हामीले वर्गसँग जोडेर, वर्गस्वार्थ, वर्गहित र जनताको हितसँग जोडेर हेरेका छौँ ।

» ***यसको प्रतिवाद कसरी गरिरहनुभएको छ ?***

पहिलो कुरा त हामीले के भनेका छौँ भने यो प्रतिबन्ध भनेको आजको २१ औँ शताब्दीमा आइपुग्दा राजनीतिक स्वतन्त्रता, राजनीतिक अधिकार र नागरिकहरूको एउटा प्रजातान्त्रिक र लोकतान्त्रिक अधिकारको ठाडो हनन हो । यो प्रवृत्ति निरङ्कुशतावादी र फासिवादी प्रवृत्ति हो । आफ्नो विचार राखेबापत, न्याय माग्दा, त्यसको नेतृत्व गरेबापत, देशलाई दमन र हस्तक्षेपबाट मुक्त गर्नुपर्छ भनेबापत प्रतिबन्ध लाग्नु भनेको सीधै जनताको जनमत, अभिमत, स्वतन्त्रता र अधिकारको हनन गर्दै देशलाई जबर्जस्ती दलाल पुँजीपति वर्गको दमनमा राख्ने, उनीहरूको अधीनमा राख्ने, प्रभुत्वमा राख्ने फासिवादी कदम हो भनेर




हामीले बुझेका छौँ ।

» ***प्रतिबन्धपछि पार्टीका जिम्मेवार नेताहरू सुदर्शनदेखि रणवीरसम्म गिरफ्तारीमा पर्नुभयो । दिनदिनै गिरफ्तारीको मात्रा बढिरहेको छ नि ?***

यो न्यूनतम् राजनीतिक स्वतन्त्रता र अधिकारको पनि ठाडो हनन हो । यो सरकारको फासिवादी कदम हो । जनतालाई दमन गर्ने कदम हो । आफ्नो कुरा सही हो भनेर साबित गर्ने, जनतालाई आफ्नो पक्षमा सन्तुष्ट पार्ने, जनतालाई आफ्नो पक्षमा तानेर अगाडि बढ्ने भन्दा पनि जनताका प्रतिनिधिमाथि बल प्रयोग गरेर, जबर्जस्ती शक्ति प्रयोग गरेर आफ्नो सत्ता कायम गर्ने कदम हो भन्ने देखिन्छ । देशका विभिन्न क्षेत्रमा गोली नै हानिएको छ । अप्रेसन दैनिक चलिराखेकै छ । त्यसपछि कुनै ठूलो घटना भएको पनि छैन र कमरेडहरू सङ्गठनात्मक कामहरूमा लागिराख्नुभएको छ । राजनीतिक कामहरू गरिराख्नुभएको छ । जनताको बीचमा बसेर जनताको विषयलाई छलफल गरेर उठाउने गरिरहनुभएको छ ।

जनताको काम गर्ने क्रममा स्थायी समिति सदस्य कमरेड सुदर्शनदेखि लिएर भरत बम 'रणवीर' सम्म आइपुग्दा केन्द्रीय समितिका सातजना कमरेडसहित लगभग तीन सयवरिपरि अरू हाम्रा कार्यकर्ता घर बसिरहेका, काम गरिराखेका, विभिन्न व्यवसायमा लागेका शिक्षक, कर्मचारी, मजदुर, किसान, महिला सबैलाई उनीहरूले नियन्त्रणमा लिइराखेको देखिन्छ । सरकारको त्यो कदम गलत हो भन्ने त प्रस्टै छ  र रोकिने कुरा पनि भएन । यी घटनाबाट सरकार आफैँले नाङ्गियो किनकि केपीजीले दिनदिनै लोकतन्त्रको व्याख्या गरिरहेको देखिन्छ । प्रजातन्त्रको व्याख्या गरिरहेको देखिन्छ । जनता र राष्ट्रको कुरा गरिरहेको देखिन्छ नारामा । उता प्रचण्डजीले पनि त्यही कुरा गरेको देखिन्छ तर व्यवहारमा के देखियो त भने वास्तविक जनताको आवाजको नेतृत्व गर्नेमाथि यस किसिमको दमन देखिन्छ । त्यसैले हामी के बुझ्छौँ भने यो सीधै राजनीतिक रूपमा गलत कार्य त हो नै, सँगसँगै यो कम्युनिस्टको नामबाट कम्युनिस्टको बदनाम गर्ने अनैतिक प्रवृत्ति नै हो भनेर हामीले बुझेका छौँ ।

» ***प्रतिबन्ध लगाइएपछि लगभग सबै क्षेत्रबाट विरोध भयो । बुद्धिजीवीहरू लेखिरहेका छन् । प्रतिबन्ध लगाउने पार्टीभित्रबाटै पनि विरोध भइरहेको छ नि ?***

हामी जुन परिस्थितिमा बसेर हेरिरहेका छौँ, हामीलाई असाध्यै खुसी लागेको र एकदमै उत्साहित भएको कुरा के हो भने नेपालको राजनीतिक क्षेत्र, बौद्धिक जगत्, विभिन्न व्यवसायहरूमा संलग्न अगुवाहरू, साहित्यकार, कलाकारहरू, सबैको ठूलो शक्तिले नेकपामाथिको प्रतिबन्ध एकदमै पूर्वाग्रहपूर्ण रहेको भनिरहेको छ । हाम्रो पार्टी एकदम लोकप्रिय हुँदै गएको छ । प्रतिबन्ध लगाउनु गलत कदम हो भनेर जो विरोध गर्नुभएको छ र यो हटाउनुपर्छ भनेर आवाज उठाउनु भएको छ, यो धेरै नै राम्रो कुरा हो । त्यसैले हामी सबै जो राजनीतिक पार्टीका नेताहरू हुनुहुन्छ, बुद्धिजीवी हुनुहुन्छ, विभिन्न क्षेत्रमा काम गर्ने विश्लेषकहरूदेखि लिएर साहित्यकारहरू, कलाकारहरू हुनुहुन्छ उहाँहरूलाई हामी धेरैधेरै धन्यवाद दिन्छौँ ।

यसको सिलसिलामा हामी के देख्छौँ भने ऐतिहासिक पृष्ठभूमिसँग जोडेर हेर्दा केपी र प्रचण्डहरू असाध्यै ठूलो भ्रममा छन् । त्यो हुने नै हुन्न । टिक्ने नै सम्भावना छैन । यो कुरा हैन । सम्पूर्ण रूपले असफल हुँदै गएको यो सत्ता र यो सरकारले यो कदमबाट सफल हुने वा यो क्रान्तिको प्रक्रियालाई रोकौँला भन्ने कल्पनै नगरे हुन्छ । त्यो सम्भवै छैन । किनकि हामीले नेपालका प्रवृत्तिहरू, धाराहरु हेर्दा राणाहरूले फाँसी दिँदाखेरि पनि प्रजातान्त्रिक आन्दोलनको धारा दबेन नि, झन् विस्फोट भएर, ज्वालामुखी भएर बाहिर आयो । अन्ततः राणाहरू नै सिद्धिने स्थिति बन्यो । पञ्चायतले त्यस्तै गर्‍यो । त्यो पनि सम्भव भएन । काङ्ग्रेस र एमालेहरू मिलेर हाम्राविरुद्ध, जनयुद्धविरुद्ध त्यही कदम चाले, त्यो पनि सफल भएन भने आज त झन् अगाडि बढेको समाज छ । नेपालीको चेतना त्योभन्दा धेरै माथि उठेको छ । त्यसपछि धेरै ज्ञान हासिल गरेको, स्वतन्त्रताको अधिकारलाई बुझेको समाज छ यहाँ । जबर्जस्ती तानाशाही कदम चालेर, फासिवादी कदम चालेर वलीले अहिले दमन गरेर हुन्छ भन्ने कुरा अहिले सोच्दै नसोचे हुन्छ । यो अगाडि बढिरहन्छ । यसको प्रमाण के हो भने अहिले प्रतिबन्धका विरुद्ध पाका नेताहरूदेखि लिएर, क्रान्तिकारी नेताहरूदेखि लिएर, स्वच्छ छवि भएका नेताहरूदेखि लिएर साहित्यकार र कलाकारसम्मले जुन आवाज उठान गर्नुभएको छ, यो प्रमाण हो । खतरा त छ तर उहाँहरूले त्यो खतरा मोलेर पनि आवाज उठाइरहनुभएको छ, यो स्वागतयोग्य कुरा हो । अब त्यो मात्रै होइन, अर्को एउटा सकारात्मक कुरा के हो भने स्वयम् सरकारी कम्युनिस्ट पार्टीभित्रकै धेरै नेताहरू, अधिकांश नेताहरू यो प्रतिबन्धको विपक्षमा हुनुन्छ । यो ठीक हो भन्ने पक्षमा हुनुहुन्न । यो पनि एकदमै राम्रो कुरा हो । उहाँहरूलाई हामीले एकदमै धन्यवाद दिनुपर्छ । किनकि यो हाम्रो मामिला होइन । आज हाम्रो नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइयो । मान्छेले हेर्दा हुन् यो पार्टीमा । यो पार्टीको मामिलै होइन नि । यो त नेपालको, जनताको राजनीतिक आन्दोलन, त्योसँगै अधिकारको मामिला हो । त्यसलाई दमन गर्ने कुरा हामीसँग सम्बन्धित छैन । यो सम्पूर्ण नेपाली समाज, नागरिक, राज्य, यहाँका राजनीतिक शक्तिसँग सम्बन्धित कुरा हो । त्यसैले यो कुरा बुझेर प्रतिबन्धको विरोध भएको छ भन्ने हामी देख्छौँ । यो राम्रो कुरा हो । उहाँहरूले सायद राम्रो गर्नु पनि हुन्छ । हामीले भनेका पनि छौँ यो प्रतिबन्ध कानुनी दृष्टिले हेर्दा त अन्यायपूर्ण छँदैछ, राजनीतिक दृष्टिले पनि यो जनताको अधिकारको ठाडो हनन हो भन्ने कुरा हामीले भनेकै छौँ । त्यसपछि नैतिक ढङ्गले पनि आफूलाई कम्युनिस्ट हुँ भन्ने सरकारले प्रतिबन्ध लगाउने कुराले त ऊ पूरै बदनाम भयो नि । बरु काङ्ग्रेसले राजनीतिक स्वतन्त्रताको वकालत गर्ने, केपी र प्रचण्डहरूले प्रतिबन्धका पक्षमा वकालत गर्दै हिँड्ने, यो ठीक हो भन्दै हिँड्ने ! यो त हददर्जाको बेइमानी र अनैतिक कुरा भयो नि । त्यसैले मलाई के लाग्छ भने त्यहाँ पनि यो विरोध भइरहेको छ । त्यो पनि राम्रो कुरा हो । त्यही पार्टीभित्रका वरिष्ठ नेताहरूले, हिजो हामीसँगै सहकार्य गरेका थुप्रै हाम्रा साथीहरूले पनि त्यसको प्रतिरोध गरिरहनुभएको छ । त्यो राम्रो कुरा हो ।

» ***पछिल्लो क्रममा नेपालमा अन्तर्राष्ट्रिय चलखेल खुला रुपमा भएको छ । एउटा चाइनाको बीआरआई र अमेरिकाले पछिल्लो क्रममा ल्याएको इन्डो-प्यासिफिक स्टाटेजीले नेपाल झन् विस्फोटक होलाजस्तो देखिन्छ । नेकपाले यसको विश्लेषण कसरी गरिरहेको छ ?***

यो कुरा हामीले बाहिर पनि गरेका छौँ । केही बुद्धिजीवीहरूले पनि लेख्नुभएको छ पत्रपत्रिकामा । चैतन्य मिश्रले एउटा लेख लेखेको मैले हेरेँ । विनोद सिँजापतिले लेखेको, एकजना तराईका बुद्धिजीवीले लेखेका थुप्रै लेखेको मैले हेरेँ । अब त्यहाँ उहाँहरूको जेहोस् गाली गर्न र विरोध गर्नकै लागि भए पनि हाम्रा संश्लेषणहरू, हाम्रा धारणाहरू अलिअलि परेको हामीले थाहा पायौँ । यो राम्रै कुरा हो । हामीले महाधिवेशनबाट के भनेका छौँ भने पछिल्लो समयमा विश्व नयाँ ठाउँमा पुगेको छ । यो दोस्रो विश्वयुद्ध अगाडिसम्म वा त्यसको वरिपरिसम्म कायम रहेको साम्राज्यवादी चरित्रमा मात्रै छैन । त्योभन्दा अगाडि बढेको छ । त्यतिबेला हामीले पोस्ट इम्प्यारालिजम (उत्तरसाम्राज्यवाद) पनि भन्यौँ । उत्तरसाम्राज्यवाद वा साम्राज्यवादपछिको पुँजीवाद गइरहेको छ त्यता । त्यसलाई अझ हाम्रो अध्ययनले के भन्दैछ भने विश्व वास्तवमा दुईटा धारामा चलिरहेको छ । विश्वको ध्रुवीकरण बहुध्रुवमा भइरहेको छ । यो कस्तो गइरहेको छ भने एउटा पुँजीवादी विश्व व्यवस्थाको धारा अगाडि बढिरहेको छ । साम्राज्यवाद मात्रै होइन, विश्वव्यापी रूपमा पुँजीवादी विश्वव्यवस्था चलाउने । संसदीय व्यवस्था नै अन्तिम व्यवस्था हो भनेझैँ एउटा बहस छ । त्यसको प्रतिनिधित्व अमेरिकाले गर्छु भन्न खोजिरहेछ । त्यही झलक यहाँ चैतन्य मिश्रले लेख्नुभयो । अब क्रान्ति गर्ने, समाजवाद ल्याउने, साम्यवाद ल्याउने भन्ने कुराचाहिँ पुरानो भइसक्यो, सम्भव छैन भनेजसरी व्याख्या गर्नुभएको छ । केशव दाहालजी र पुरुषोत्तम दाहालजीले पनि लेख्नुभएको छ । धेरैले विश्लेषण गरेको देखियो । त्यो कुरा होइन । संसदीय व्यवस्था, पुँजीवादी व्यवस्था नै श्रेष्ठ र अन्तिम व्यवस्था हो भन्ने तरिकाले विश्वभरि 'रुल' (शासन) गर्ने एउटा प्रयत्न हुँदैछ । त्यसखालको एउटा प्रवृत्ति भइराखेको छ । ती साम्राज्यवादको मात्रै सीमित घेराभित्र छन् । साम्राज्यवाद कस्तो थियो भने स्धिै अतिक्रमण गर्ने, त्यसलाई उपयोग गर्ने, मिच्ने, खाने । आफ्नै सरकार बनाउने । आफ्नै सेना राख्ने । आफ्नै कानुन बनाउने । यस्तो शैलीको थियो । अहिले त्यसबाट भन्दा माथिबाट गयो । विश्वव्यापी रूपबाट आफ्नो पुँजीवादी विश्वव्यवस्था चलाउने, त्यो अनुशासन चलाउने, त्यसलाई अन्तिम रूप दिने, त्यसको कानुन विश्वव्यापी रूपबाट बनाउने । यसरी जो जान खोज्दैछ एउटा यो धारा देखिँदैछ ।

योसँग अर्को धारा टक्काइरहेछ । फेरि अमेरिकाले यसरी विश्वव्यवस्थाको धारको नेतृत्व गर्न खोजिरहेको देखिन्छ । त्यो अहिले इन्डो-प्यासिफिक स्टाटेजी अथवा रणनीति आयो नि हिन्द-प्रशान्तीय रणनीति, यो यसकै अङ्ग हो । अब अमेरिका के चाहन्छ भने अन्यत्र धेरै क्षेत्रमा आफ्नो उपस्थिति एक ढङ्गले बनायो । दक्षिणएसियामा त्यसको उपस्थिति एक ढङ्गबाट छ । मान्छेहरूले अब यसको अप्रत्यक्ष ढङ्गले विभिन्न व्याख्या गरेका छन् । सीधा रुपमा हाम्रो विश्लेषण के छ भने कुनै तरिकाले नेपालमा अमेरिका खुलमखुला आफ्नो सैन्य उपस्थिति गराउन चाहन्छ । ताकि त्यसको नारा हिन्द-प्रशान्तीय सुरक्षा रणनीति भन्ने बनाएर त्यसमा आफ्नो सैन्य उपस्थिति बनाउन चाहन्छ भन्ने देखिन्छ ।

अब अर्को काउन्टर गर्नका लागि एउटा समाजवाद तबवहसको कुरा हो तर चीनले अलि फरक धारको नेतृत्व गरिराखेको छ । चीनले बीआरआई भन्ने लिएर आएको छ, क्षेत्र र एउटा बाटोसम्बन्धी परियोजना पहल भनेर, यसको सम्बन्ध पनि मान्छेहरूले कसरी हेरेछन् भने विश्वव्यापी एउटा धारको विस्तार गर्नेसँग सम्बन्धित छ भनेर हेरेको देखियो । यस्तो टक्करको बीचमा हामीले के देखेका छौँ भने क्रान्ति अगाडि आउन अनिवार्य छ किनकि जति नै तर्क गरे पनि, जति नै प्रयत्न गरे पनि पुँजीवादी विश्व जनताका लागि, मानव जातिका लागि पछि परिसकेको छ । यसले त्यसको नेतृत्व गर्न सक्दैन । अहिले १ प्रतिशतको हातमा ३ अर्ब जनसङ्ख्याबराबरको सम्पत्ति केन्द्रित भएर थुप्रिन जाने अनि अर्बौं मान्छेहरू भोकभोकै मर्ने, न्यूनतम् स्वास्थ्य उपचार पनि नपाउने, शिक्षा पनि नपाउने र खाना पनि नपाउने भन्ने ठाउँमा पुगेको छ । यो त पुँजीवादी व्यवस्थाको चरम सङ्कट हो नि ! त्यसैले यो चल्ने देखिँदैन । बरु क्रान्तिको चरित्र विश्वव्यापी कसरी आउँछ, विश्वव्यापी रूपमै सोच्नुपर्ने भएको छ । यो ठूलो बहसको विषय छ । चैतन्यजीहरूले जति नै टाउको फोरे पनि, जति नै तर्क गरे पनि पुँजीवादी विश्वव्यवस्था वा पुँजीवादी व्यवस्था मानव जातिका लागि बोझ साबित भइसकेको, पछि परिसकेको, अर्थहीन भइसकेको, अलोकप्रिय भइसकेको र असफल भइसकेको व्यवस्था हो । यसको समाधान नयाँ ढङ्गबाट खोज्नुपर्छ । विश्वक्रान्ति, वैज्ञानिक समाजवादी क्रान्ति र साम्यवादी क्रान्ति अगाडि आउँछ भन्ने हामीलाई लाग्छ ।

» ***नेपालको दुईतिहाइ बहुमतको सरकारले केही पनि गर्न सकेको छैन । अलोकप्रिय बन्दै गएको छ । यसप्रति जनताको दिनदिनै आक्रोश बढिरहेको देखिन्छ नि ?***

हामी जतिबेला शान्तिवार्तामा आयौँ, त्यतिबेला हामीले के भन्यौँ भने माओवादीले केही पाउँछ कि पाउँदैन ? हामीले त्यसको हिसाब नगरौँ । गर्न चाहन्नौँ भनेर हामीले भनेका थियौँ । प्रचण्डजीलाई हामीले भनेको कुरा के थियो भने आफ्नो हिसाब नगरौँ अहिले । नेताको स्थानको हिसाब नगर, पद र सुविधाको हिसाब नगर । यत्रो बलिदान र लडाइँबाट नेपाली समाजले खोजेको सामाजिक रूपान्तरण र परिवर्तन हो । राज्यको परिवर्तन हो । जनताको अधिकारको सुनिश्चितता हो । देशको स्वाधीनता हो । यो गरौँ भन्ने हाम्रो भनाइ थियो । हामीले यसमा ठूलाठूला बहस नै चलायौँ । तर त्यसलाई काङ्ग्रेसले पनि सुनेन । एमालेले पनि सुनेन । प्रचण्डजीले पनि सुनेनन् वा सुनेर पनि उनीहरू जनताको आकाङ्क्षालाई, आवश्यकतालाई, प्रस्तावलाई स्वीकार गर्न तयार भएनन् । उनीहरू फर्केपछि नै हामीले काङ्ग्रेस र एमालेसित पनि सीधै भनेका थियौँ- शेरबहादुरजी, रामचन्द्रजीहरू, त्यसपछि काङ्ग्रेसका वरिष्ठ नेताहरू र एमालेका केपी-माधवजी सबैसँग म आफैँले पनि भनेको छु- त्यतिबेला तपाईंहरूले केही मान्छेलाई व्यवस्थित गर्न खोज्नुभयो । तपाईंहरूले पार्टीलाई व्यवस्थापन गर्न खोज्नुभयो । नेताहरूलाई व्यक्तिगत ढङ्गले ऐसअराम र सुविधामा डुबाएर व्यवस्थापन गर्न खोज्नुभयो तर समाजलाई, देशलाई पुरानै ठाउँमा छोड्न खोज्नुभयो । त्यसरी शान्ति हुँदैन । त्यसरी समाधान हुँदैन भनेर हामीले त्यतिबेलै भनेका थियौँ । त्यो कुरा सुनिएन । हामीले यो पनि भनेका थियौँ प्रचण्डजीलाई पनि, तपाईंले त्यो बाटो समात्नुभयो भने हामी जाँदैनौँ है । हामीले काङ्ग्रेस र एमालेका साथीहरूलाई बाहिर खुला अपिल गरेर भनेका थियौँ- प्रचण्डजी

बाँकी पृष्ठ ४ मा

वर्ष ४, अङ्क ४७, पूर्णाङ्क १९३
रातो खबर साप्ताहिक

# कार्यदिशा, कार्यविभाजन र नेतृत्वको अन्तरसम्बन्ध



दिनेश सारू

*एकीकृत जनक्रान्ति कुनै अमूक नेताको मनोगत चाहनाको उपज नभई अहिलेको फेरिएको विश्वपरिस्थिति, नेपाली जनताको आधारभूत चाहना र नेपालको वस्तुगत धरातलको संश्लेषणपछि ठोस गरिएको २१ औँ शताब्दीको श्रमिक जनताको राज्यसत्ता प्राप्त गर्ने र पुँजीपति वर्गको राज्यसत्तालाई ध्वंस बनाउने सुस्पष्ट वैज्ञानिक कार्यदिशा हो । कार्यदिशा निर्माण गर्नु र नगर्नुले कुनै खास अर्थ राख्दैन । अर्थ केले राख्छ भने त्यो कार्यदिशा कुन वर्गको स्वार्थसिद्ध गर्न बनेको छ ? त्यो वर्गको वर्गीय लक्ष्य प्राप्त गर्नका निमित्त उक्त कार्यदिशाले निष्कर्षमा पुऱ्याउने भुमिका निर्वाह गर्छ कि गर्दैन भन्ने हो*

जब मान्छे जन्मन्छ, त्यसपछि उसको जीवनपर्यन्त विभिन्न घटनाहरू भइरहन्छन् । ती सबै घटना हुनुको उपजचाहिँ उसको व्यक्तिगत कारण नभई त्यो समाजको प्रतिबिम्बका रूपमा अभिव्यक्त हुने एउटा जीवन्त प्रक्रिया हो । यी र यस्ता घटनाहरू समाजमा जति भइरहन्छन् ती सबै एकै किसिमका नभई केही घटना समाजले स्वीकार्नेखालका हुन्छन् भने केही घटना अस्वीकार्यखालका हुन्छन् । केही घटना व्यक्तिगत हिसाबले भएको हुन्छ भने केही घटना सिङ्गो समाजको अगुवाइमा भएको हुन्छ । यीमध्ये पनि केही परिघटनाहरू यो समाजलाई अग्रगमनतिर लैजाने हुन्छ भने केही घटनाहरू पश्चगमनतिर फर्काउने प्रवृत्तिका हुन्छन् । यो दिशालाई अगाडि लैजाने वा पछाडि फर्काउने भन्ने निर्धारणचाहिँ विद्यमान समाजमा चलिरहेको मुख्य नीतिले गर्छ । त्यसकारण यो समाजलाई वैज्ञानिक ढङ्गले सही दिशामा बदल्न सही नीति तथा योजना, सही दृष्टिकोण र वैज्ञानिक कार्यदिशा आवश्यक हुन्छ । त्यो वैज्ञानिक कार्यदिशा सहर्ष रूपमा यो धर्तीमा आकाशबाट बर्सिंदैन र पातालबाट उर्लिंदैन । त्यो त केवल यो समाजमा रहेका सचेत क्रान्तिकारी योद्धाहरूको ऐतिहासिक पहलकदमी, जनताको असली आवाज र समाजको वर्गधरातलबाट प्राप्त गर्न सकिने दृष्टिकोण हो । उक्त वैज्ञानिक कार्यदिशामार्फत नै आजसम्म संसारका हरक्षेत्रका उत्पीडित र विभेदमा परेका श्रमिक वर्गको आफ्नो सुन्दर भविष्य निर्माण गर्ने ऐतिहासिक कार्यहरू पूरा हुँदै आएको छ । सही र वैज्ञानिक कार्यदिशा भएर मात्र उत्पीडित श्रमिक जनताको सुन्दर भविष्य निर्माण गर्न सम्भव छैन । जनताको सुनौलो भविष्य निर्माण गर्न त्यतिबेला सम्भव छ जतिखेर श्रमिक जनताको आफ्नै राज्यसत्ता प्राप्त हुन्छ । सर्वहारा श्रमिक जनताको आफ्नै राज्यसत्ता प्राप्तिका निमित्त उनीहरूसँग सही र वैज्ञानिक कार्यदिशा आवश्यक पर्दछ । उक्त कर्यदिशालाई सही ढङ्गले कार्यान्वयन गरी पुरानो राज्यसक्तालाई परिवर्तन गरी जनताको राज्यसत्ता स्थापना गर्न सही नेतृत्व र इमानदार कार्यकर्ता आवश्यक पर्दछ । निडर, साहसी र सचेत नेता-कार्यकर्ताबिना त्यो कार्यदिशा लागू गर्न असम्भव छ । कार्यदिशालाई सही ढङ्गले लागू गरेर योजनालाई सफलताको चुलीमा पुऱ्याउन नेतृत्वले कार्यकर्ताको क्षमता, बदलिँदो परस्थिति र जनताको चाहनाअनुसारको कार्यविधि बनाएर सही र इमानदार नेतृत्वलाई कार्यक्षेत्रमा पठाएन भने त्यो कार्यदिशा बीच बाटैमा अलपत्र पर्ने खतरा हुन्छ । त्यसकारण सर्वहारा श्रमिक जनताको आफ्नै राज्यसत्ता प्राप्त गर्न कार्यदिशा, कार्यविधि र नेतृत्वको सवाल अपरिहार्य हुन्छ ।

## कार्यदिशा

आजसम्म मानव जगत्को लिखित इतिहासको मात्र अध्ययन गर्न हो भने पनि थुप्रै र धेरै प्रकारका कार्यदिशाहरू (नीति तथा नियमहरू) हामीले प्राप्त गरिसक्यौँ । ती नीति तथा नियम-कानुनहरू निर्माण गर्दैखेरि एकाध अपवादबाहेक सबै नीति तथा नियमहरू तत्कालीन समयका सचेत मान्छेहरूको योजनाबद्ध पहलमा समयसापेक्षित नै भएको पाइन्छ । तर ती कार्यदिशाहरूले किन दुनियाँलाई बदल्न सकेनन् ? किन श्रमिक जनताको सेवामा समर्पित भएर जनहितकारी काम गर्न सकेनन् ? त्यसको ठोस कारण ती कार्यदिशा निर्माण गर्ने मान्छेहरू सचेत र शिक्षित थिए तर श्रमिक जनताका थिएनन् । तिनीहरू केवल कबिला, कुलीन, मालिक, सामन्त, पुँजीपति, दलाल र नोकरशाही थिए । तिनले जनताको नौलो भविष्य निर्माण गर्ने र युगलाई बदल्ने कार्यदिशा नभएर आफ्नो लुटको स्वर्ग निर्माण गर्ने र सधैँभरि जनतालाई शोषण-दमन गरी आफू बादशाह बनिरहने कार्यदिशा मात्र निर्माण गरे । सोही कारण आजसम्म जनअपेक्षित रूपमा दुनियाँको कायापलट हुन सकेन । जनताको परिवर्तन र मुक्तिको चाहना पनि अधुरै रह्यो । यसप्रकारका गतिविधिहरू यो दुनियाँमा अनन्तकालसम्म निरन्तर रूपमा चली नै रह्यो । त्यसप्रकारका गतिविधिहरू चलिरहँदा पनि कसैले केही नगरेको भन्ने होइन । केही मान्छेहरूले दुनियाँ बदल्ने र जनताको जीवनमा आइपरेको समस्या समाधान गर्न कार्यदिशा निर्माण गर्ने प्रयास त गरे तर ती प्रयासहरू निष्कर्षरूपी हुन सकेन । जब सन् १८४८ मा मार्क्स र एङ्गेल्स मिलेर कम्युनिस्ट घोषणापत्र जारी गरियो त्यसबखत नै विश्वमा पहिलोपटक श्रमिक तथा सर्वहारा (गरिखाने) जनताको सत्ता प्राप्त गर्ने र युग बदल्ने हतियार प्राप्त भयो । उक्त दिनबाट नै सर्वहारा वर्गले कुलीन तथा पुँजीपति शासक वर्गका विरुद्ध सैद्धान्तिक रूपमै सङ्घर्षको शुभारम्भ गऱ्यो । केही सङ्घर्षमा सर्वहारा वर्गले जित हासिल गऱ्यो भने केही सङ्घर्षहरूमा पुँजिपति वर्गले आफ्नो पुरानै लुटको स्वर्ग सुरक्षित गर्न सफल भयो । आज दुनियाँमा सबैभन्दा ठूलो सङ्घर्ष सर्वहारा वर्ग र पुँजिप्रति वर्गकै बीचमा छ । यही सर्वहारा श्रमिक जनताको राज्यसत्ता प्राप्त गर्न नेपालमा पनि जनताको स्तरबाट ठूला जनसङ्घर्षहरू भए । त्यसको ज्वलन्त उदाहरण नेपालमै पहिलोचोटि जनताले आफ्नो राज्यसत्ता आफैँ निर्माण गर्न दस वर्षसम्म जनयुद्धको पनि नेतृत्व गऱ्यो । तर त्यो मुख्य नेतृत्वको सैद्धान्तिक विचलन र क्रान्तिप्रतिको गद्दारीका कारण फलतः निष्कर्षमा पुग्न नसकी निष्कर्षविहीन ढङ्गले पुरानै व्यवस्थामा गएर पतन हुन पुग्यो । यी सबै आरोह, अवरोह र धोकाधडीका बीचबाट फेरि जनताको आफ्नै राज्यसत्ता स्थापना गर्न नेपाल कम्युनिस्ट पार्टीले मालेमावादको मार्गनिर्देशनमा आधारित एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माण गरेर नेपाली श्रमजीवी उत्पीडित जनताको आफ्नै राज्यसत्ता वैज्ञानिक समाजवादी व्यवस्था प्राप्त गर्ने महान् अभियानमा घनीभूत ढङ्गले जनताको माझमा क्रान्तिको तयारीमा जुटिरहेको छ । एकीकृत जनक्रान्ति कुनै अमूक नेताको मनोगत चाहनाको उपज नभई अहिलेको फेरिएको विश्वपरिस्थिति, नेपाली जनताको आधारभूत चाहना र नेपालको वस्तुगत धरातलको संश्लेषणपछि ठोस गरिएको २१ औँ शताब्दीको श्रमिक जनताको राज्यसत्ता प्राप्त गर्ने र पुँजीपति वर्गको राज्यसत्तालाई ध्वंस बनाउने सुस्पष्ट वैज्ञानिक कार्यदिशा हो । कार्यदिशा निर्माण गर्नु र नगर्नुले कुनै खास अर्थ राख्दैन । अर्थ केले राख्छ भने त्यो कार्यदिशा कुन वर्गको स्वार्थसिद्ध गर्न बनेको छ ? त्यो वर्गको वर्गीय लक्ष्य प्राप्त गर्नका निमित्त उक्त कार्यदिशाले निष्कर्षमा पुऱ्याउने भुमिका निर्वाह गर्छ कि गर्दैन भन्ने प्रश्नसँग मात्र सवाल राख्छ । त्यसकारण कार्यदिशा भनेको वैज्ञानिक, वस्तुवादी, जनताको जीवन र राष्ट्रलाई बदल्न प्रेरित गर्ने वैज्ञानिक अस्त्र हुनुपर्छ ।

## कार्यविधि

आजसम्म मानव दुनियाँमा जति सिद्धान्तहरू प्रतिपादित भए ती सबै सिद्धान्तहरूलाई प्रयोग तथा कार्यान्वयन गर्न निश्चित कार्यविधिहरू बनाएको हुन्छ । चाहे त्यो लुट्ने सिद्धान्त किन नहोस् या त सेवा गर्ने सिद्धान्त नै किन नहोस्, सारमा भन्दाखेरि बदमासी गर्न पनि निश्चित कार्यविधिको आवश्यकता पर्छ । त्यही कार्यविधिको आडमा मात्र त्यो योजना सफल कार्यान्वयन हुन्छ । उद्देश्य ठूलो होस् वा सानो होस्, त्यसलाई कार्यान्वयन गरेर प्राप्त गर्ने प्रक्रिया एउटै हुन्छ । त्यही निश्चित उद्देश्य प्राप्त गर्न बनाइने ठोस मार्गचित्र नै कार्यविधि हो । त्यसकारण नेपाल कम्युनिस्ट पार्टीले संश्लेषण गरेको एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद प्राप्त गर्न त झनै यो संसारको सबैभन्दा उत्कृष्ट वैज्ञानिक कार्यविधि आवश्यक पर्छ । त्यो कार्यविधिको अभावमा वैज्ञानिक समाजवाद स्थापना गर्न त परै जाओस्, केवल लुट्ने धन्दा पनि असफल हुन्छ । कार्यदिशाको पक्षपोषण गर्ने, जनताको जीवन व्यवहारमा सहज रूपमा लागू गर्न सकिने र जनअपेक्षाअनुरूप जनताको मनोभावनालाई संकेन्द्रित गरेर मुख्य उद्देश्य प्राप्तिका लागि दिशाबोध गर्ने वैज्ञानिक अस्त्र नै कार्यविधि हो । विशेषतः कम्युनिस्ट पार्टीका क्याडरहरूले सिद्धान्त र जनअपेक्षाअनुसार तारतम्य मिलाउन सकिने कार्यविधि बनाउन जरुरी छ । जनताको मानोभावनाविपरीत सिद्धान्तको आडमा मात्र कार्यदिशा लागू गर्ने कोसिस गरियो भने त्यो कार्यदिशा लागू होइन, तुहिने खतरा हुन्छ । त्यसकारण सिद्धान्त, वस्तुगत धरातल, जनताको अपेक्षा र क्याडरको क्षमताअनुसारको कार्ययोजना बनाएर मात्र एकीकृत जनक्रान्तिलाई उचाइमा पुऱ्याउन सकिन्छ । अन्यथा त्यसो हुन सकेन भने एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद होइन, पुँजीवादभित्रै बिलाउने खतरा हुन्छ ।

## नेतृत्व

सबै विचार दृष्टिकोण र योजनाहरू तय गर्दा समाजका खासखास व्यक्तित्वहरूको विशेष भूमिका रहने गर्छ । ती भूमिकामध्येमा पनि मुख्य नेतृत्वको झनै उच्च भूमिका हुने गर्छ । यी समग्र व्यक्तित्वहरूको सामूहिक पहलकदमीको संकेन्द्रित अभिव्यक्तिलाई केन्द्रीकृत गरेर ठोस गरेको मार्गदर्शन नै दृष्टिकोण हो । जब दृष्टिकोण निर्माण भएपछि त्यो जनताको तहसम्म लागू गर्ने र क्रान्तिको प्रक्रियालाई अघि बढाउने दिशामा अघि बढ्छ । त्यसबखत एक व्यक्तिको मात्र प्रधान भूमिकाले त्यो प्रक्रिया अघि बढ्न सकिँदैन । त्यसका निम्ति विभिन्न तहको फरकफरक भूमिका निर्वाह गर्न कुशल नेतृत्वको आवश्यकता पर्छ । जनताको चाहना र सङ्गठनको आवश्यकताविपरीत नेतृत्वको भूमिका भयो भने त्यो विचार, दृष्टिकोण जनताको तहसम्म लागू गर्न असम्भव हुन्छ । त्यसकारण कार्यदिशा कार्यान्वयन गर्न सही कार्यविधि भएर मात्र पुग्दैन । त्यो कार्यविधिलाई सही ढङ्गले जनताको तह र क्रान्ति सम्पन्न गर्ने प्रक्रियामा लैजान खासखास तहमा निश्चित नेतृत्वको गहन भूमिका हुनुपर्छ । त्यसका निम्ति नेतृत्वको वैचारिक, राजनीतिक, साङ्गठनिक तथा फौजी क्षमता, सामाजिक धरातल, संस्कार, संस्कृति र उमेरसमूह (शारीरिक सबलता) का कारणले पनि मुख्य भूमिका खेल्ने गर्दछ । जसको कारण नेतृत्वलाई कार्यविभाजन गर्दाखेरि यी तत्वहरूलाई ख्याल गर्न सकिएन भने सही विचार र दृष्टिकोण भए पनि अन्ततः त्यो उद्देश्य निष्कर्षविहीन ढङ्गले असफल हुने खतरा हुन्छ । त्यसकारण विचार दृष्टिकोण निर्माण गर्ने नेतृत्व एउटा तहको, दृष्टिकोण तथा योजनालाई तल र माथि संयोजन गर्ने मध्यस्थताको भूमिकामा रहने नेतृत्व एउटा तहको र त्यो सम्पूर्ण दृष्टिकोण र योजनालाई जनताको तहमा गएर कार्यान्वयन गर्ने नेतृत्व एउटा तहको टिम निर्माण गरेर कार्यविभाजनको प्रक्रियालई अगाडि बढाउन सकिएन भने जतिसुकै वैज्ञानिक र क्रान्तिकारी दृष्टिकोण भए पनि अन्ततः त्यो कार्यदिशा बेकम्मा नै हुन्छ । त्यसकारण अहिले नेपाल कम्युनिस्ट पार्टीले ठोस गरेको एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद प्राप्त गर्न पनि उल्लिखित तीनै तहको नेतृत्वलाई सही ढङ्गले कार्यविभाजन गर्दा मात्रै हामीले भनेको जनताको राज्यसत्ता प्राप्त गर्न सकिन्छ ।

## क्रान्तिको प्रक्रिया ...

र बाबुरामजीहरूलाई समातेको भरमा जनताका प्रस्तावहरू छोडेर पनि शान्ति भइहाल्छ भन्ने तपाईंहरूलाई भ्रम छ भने हामी त्यो मान्दैनौँ । हामी क्रान्तिमा फर्किन्छौँ । हामी आजसम्म आयौँ । ठूलो भ्रम के थियो भने सरकारको हेरफेर गरिदिएपछि जनता सन्तुष्ट भइहाल्छन् । मिलिहाल्छन् तर त्यो होइन । जनता त आधारभूत रूपले, कति सैद्धान्तिक ज्ञान हुन्छ, कति वैचारिक ज्ञान हुन्छ, त्यो छुट्टै कुरा हो । तर व्यावहारिक ढङ्गले जनता आफ्नको आवश्यकता पूरा भएन भने असन्तुष्ट भइहाल्छ । सङ्घर्षमा उत्रिहाल्छ । त्यो नियमै हो नि । त्यही भयो । कम्युनिस्टको सरकार वा केपीजीको सरकारसँग जनतालाई केको सरोकार ? शेरबहादुरजीको सरकार वा काङ्ग्रेसको सरकारको जनतालाई केको सरोकार ? जनतालाई त के सरोकार छ भने आफ्नो जीवनमा आउने नयाँ परिवर्तन ल्यायो कि ल्याएन ? हाम्रो देशले पुरानो चङ्गुलबाट, पूरै बन्धनबाट मुक्ति पायो कि पाएन ? जनताले त्यो हेर्छ । हाम्रा दिदीबहिनीहरूले, महिलाले सामान अधिकार पाए कि पाएनन् त्यो हेर्छ नि । जब त्यो प्राप्त हुँदैन भने उनीहरू सङ्घर्षमा आउने त अनिवार्य नै हुन्छ । अहिले केपीजीको अलोकप्रियता भनेको केपी व्यक्तिप्रतिको कुरा मात्र होइन, यो एमालेप्रति वा पूर्वमाकेप्रतिको कुरा मात्र होइन, प्रचण्डजीको कुरा होइन यो । पुँजीवादले गर्ने यही हो त । पुँजीवादले त शोषण नगरेसम्म फाइदा पाउँदैन । जनतालाई नलुटेसम्म त पुँजी प्राप्त हुँदैन । मजदुरहरूलाई नलुटेसम्म मालिकहरू मोटाउँदैनन् । देशलाई नबेचेसम्म दलालहरू मोटाउँदैनन् । त्यसपछि भ्रष्टाचार नगरेसम्म सुदखोर र कमिसनखोरहरू मोटाउँदैनन् । तस्करी नगरेसम्म तस्करहरू मोटाउँदैनन् । यो नियमै हो नि । यो त गर्नैपर्छ नि । हुँदहुँदा अब प्रधानमन्त्री निवासकै जमिन बेचर खाइदिएको कुरा आयो । यो त यही व्यवस्थाको परिणाम हो । त्यसैले अहिले केपीप्रतिको जनताको आक्रोश जो छ सिद्धान्तमा यो व्यवस्थाले ल्याएको सङ्कट हो भने व्यवहारमा जनताले केही नपाउनुको अभिव्यक्ति हो । त्यही भएर यो त हुन्छ नै । यो हुन्छ मात्रै होइन, यो अगाडि बढ्छ । त्यसैले यो त विद्रोहसम्म पुग्छ र हामी त्यो विद्रोहको नेतृत्व गर्न चाहन्छौँ । हाम्रो अरू केही पनि स्वार्थ छैन । यो हामीले लगातार जनतालाई भनेका छौँ । सायद जनताले बुझ्दै पनि जानुभएको छ । हामीलाई केपीका डर, धम्कीको कुनै चासो छैन । त्यो उहाँले बुझे हुन्छ । हामी यसरी हल गर्छौं, गिरफ्तार गर्छौं, अप्ठ्यारो स्थिति खडा गर्दिन्छौँ, इन्काउन्टर गर्छौं भन्ने पनि छ अहिले । त्यसमा हामीलाई कुनै सरोकार छैन । हाम्रो ड्युटी र दायित्व के हो भने देशमाथि र जनतामाथि उत्पीडन छ, दमन छ, शोषण छ, अत्याचार छ, महँगी छ, भ्रष्टाचार छ । यसका विरुद्ध विद्रोह गर्नु हाम्रो अधिकार हो । अथवा हाम्रो दायित्व हो । हामी कतिजना हुन्छौँ, छोडिदिनुस् त्यो कुरा, एक्लैले पनि विद्रोह गर्ने हो । सबैले सत्य बुझेपछि मात्रै विद्रोह गर्ने समय आउँछ । सचेततापूर्वक हामीले ०६५/०६६ सालमा प्रचण्डसित विद्रोह गऱ्यौँ । किन गऱ्यौँ विद्रोह ? हामीलाई थाहा थियो- एकचोटि त्यतिबेलाको चकचकी थियो । जता गयो पूरा मान्छेदेखि ढुङ्गामाटो पनि माओवादी हुन्छ भन्नेजस्तो थियो नि उहाँलाई भ्रम पऱ्यो । प्रचण्ड भनेको माओवादी, माओवादी भनेको प्रचण्ड । त्यतिबेला केही मान्छे भनेका माओवादी आन्दोलनभन्दा लाग्थे तर त्यो सत्य थिएन नि । त्यो त वर्गको, जनताको, राष्ट्रको प्रस्तावसँग जोडिएको विषय थियो नि । हेर्दाहेर्दै कस्तो भयो स्थिति ! रुँदै एमालेसँग पार्टीएकताको प्रस्ताव गर्नुपर्ने ठाउँमा पुग्नु भो नि । तर त्यो ठाउँमा पुऱ्याउनका लागि दस हजार मान्छेको बलिदान छ । आज हामी यहाँ जहाँ उभिएका छौँ यी धम्की, डर, त्रास यो कल्पना पनि नगरे हुन्छ, एकरत्ति पनि नसोचे हुन्छ । यसलाई हामीले यसरी हेरेका छौँ । यो अलोकप्रियता भनेको पनि यहीसँग सम्बन्धित कुरा हो । केपीजीलाई त अरूले सहयोग गरेर पनि हुँदैन । किन हुँदैन भने व्यवस्था त शोषकहरूको छ, भ्रष्टाचारीहरूको छ, दलालहरूको छ अनि कसरी सम्भव हुन्छ त्यो ? त्यसैले सत्ता नै परिवर्तन आजको आवश्यकता हो ।

» ***यसबीचमा सरकारसँग यसो छलफल हुने सम्भावना छ कि छैन ? तपाईंहरुसँग सरकार वार्ता गर्ने भनिरहेको छ । गृहमन्त्रीले पनि भने नेकपालाई मूलधारमा ल्याउँदैछौँ भनेर । कुरा के हो ?***

वार्ताका बारेमा हामीले सुस्पष्ट दृष्टिकोण के राखेका छौँ भने यो जनता र राज्य, विद्रोही र सत्तापक्ष होइन अनि एउटा राज्य र अर्को राज्य हैन, सङ्घर्षशील शक्ति र दमन गरिरहेको शक्तिका बीचमा वार्ता हुने र भइराखेका विषयहरू छन् । यो भइराखेको विषय हो । यसमा हामी निरपेक्ष विरोध गर्ने, हुँदै हुँदैन भन्ने कुरा पनि गलत हो र सजिलै भइहाल्छ र त्यहीँबाट गइहाल्छ भन्ने कुरा पनि गलत हो । प्रयोगले के साबित गरेको छ भने समस्याहरू आएपछि, सङ्घर्षहरू भएपछि, विद्रोहहरू भएपछि, युद्धहरू भएपछि वार्ता पनि राजनीतिकै एउटा धार हो । त्यो राजनीतिभित्रै आउँछ, आउँदाखेरि त्यसको प्रयोग पनि हुन्छ भन्नेमा हामी स्पष्ट छौँ । त्यसमा हाम्रो कुनै द्विविधा छैन । अब दोस्रो कुरा के छ भने वार्ताको सीमा देखियो नि । वार्ताको सीमा विश्वव्यापी रूपमा पनि देखियो हैन, हाम्रै देशमा पनि देखियो । अमेरिका र सोभियत सङ्घले पनि वार्ता गरे तर अहिले सबै वार्ताबाट फर्केर गए । कहिले अमेरिकाले उता वार्ता भङ्ग गर्छ, कहिले हिजोको सोभियत सङ्घ, अहिलेको रुसले भङ्ग गर्छ । टुटे नि त सबै । अहिले चीन र अमेरिकाको बीचमा एउटा व्यापार युद्ध भन्नेछ, ट्रेड वार भन्ने चलिरहे छ । चलिराखेकै छ । अब समस्या फेरि बढिराखेको छ । त्यो त भइराखेकै छ । वार्ताको एउटा के सीमा देखियो भने यही पनि भो । यहीँ पनि राणा र काङ्ग्रेसबीच वार्ता भयो । त्यसपछि पञ्चायत र बहुदलहरूका बीच वार्ता भए । हाम्रो जनयुद्धमा पनि वार्ता भए तर एउटा सीमा के देखियो भने वार्तालाई ठीक ढङ्गले ग्रहण गर्न सकिएन, त्यसलाई प्रयोग गर्न सकिएन भने परिणामहरू जनताले अपेक्षा गरेअनुसार नआउने, राज्यको आवश्यकताअनुसार नआउने पनि देखियो । यसका सीमाहरू देखिए । राम्रो पनि भयो । कैयौँ ठाउँमा यसले शान्ति ल्याएको छ । परिवर्तन पनि गरेको छ । त्यो राम्रो पनि छ तर सीमा पनि छन् । हामीले के भन्यौँ भने सार्थक वार्ता ठीक छ गर्ने । सार्थक वार्ता, औचित्यपूर्ण वार्ता, परिणाममुखी वार्ता, एउटा निष्कर्षमा लैजाने वार्ता आवश्यक हुन्छ । त्यसका लागि हामी पूरै वार्ताविरुद्ध छौँ भन्ने कुरा मात्रै होइन । आजकै सन्दर्भबाट हेर्नुभने भने पनि उहाँहरूले त सर्त राख्नुभएको छ अहिले । हामी सुन्छौँ, हतियार बुझाउनुपर्छ । यहाँ ३५ दिने अल्टिमेटम पनि दिनुभयो केपीजीले । एउटा त हतियारको कुरा ठूलो वहसको कुरा छ । हामीसँग हतियार छ कि छैन भन्ने कुरा छुट्टै कुरा हो तर उहाँले छ भनेर पहिले नै तोकेर त्यो हतियार ल्याएर दिनुपर्छ हामीलाई अनि वार्ता भनेर भन्नुभएछ । अर्कोचाहिँ संसदीय व्यवस्था मान्नुपर्ने भनेजस्तो सुन्छु म । अर्को केके-केके, अब सङ्घर्ष हुँदैन, त्याग्नुपर्छ । यसरी पहिला सर्तहरू तेर्स्याएर वार्ताको भ्रममा जनतालाई भ्रमित पारेर दमन गर्छु भन्ने जो सरकारले सोचिरहेको छ त्यस्तो शैलीको वार्ताको औचित्य छैन । सम्भावना छैन । नेपालमा मजदुरहरूको अधिकार छैन । नेपाल त अहिले मजदुरको देश भइसक्यो भने पनि हुन्छ । कहाँ काम गर्छन्, नेपालबाहिर कति छन्, त्यो कुरा छोडदिऊँ । समग्रमा सायद सबभन्दा बढी मजदुरहरूले भाग लिने देश भनेको, श्रमिक जन्माउने देश सायद हाम्रै भइसक्यो । ५०/६० लाख त बाहिर गएका छन् । मजदुरको मान्यता नपाउने, एकदम तल्लो तहको के, सामान्य, घरमा बसेको दासजस्तो बनाएर राख्ने श्रमिकहरू हामीले भोगेका छौँ । मजदुरको अधिकारको कुरा खै ? अहिले नेपालका मजदुरको कुरा मात्रै अब गर्नु हुँदैन हामीले । जहाँ गए पनि पुँजीवादी व्यवस्थाकै मजदुर त हुन् नि । अमेरिकाले हाम्रा दाजुभाइहरूलाई बनाउने मजदुरै हो । भारतले बनाए पनि मजदुरै हुन् । चीनले बनाए पनि मजदुरै हुन् । मलेसिया र कतार जसले बनाए पनि हाम्रा नेपाली त मजदुरै त हुन् । विश्वभरिका पुँजीपतिले जहाँ शोषण गरे पनि, जहाँ चलाए पनि यी मजदुर हुन्, नेपालकै मजदुर । नेपालदेखि लिएर कतारसम्म फैलिएर छन् ती मजदुर । मजदुरहरूको अधिकारको कुरा यहाँ हुनुपर्छ । किसानको अधिकारको कुरा खै ? त्यो हुनुपर्छ । महिलाहरूको, नारीहरूको अधिकारको कुरा के हो ? आज चलिरहेको छ नि बहस, घुमाइफिराइ महिलालाई फेरि सम्पत्तिबाट वञ्चित गर्ने ? जुन दिनदेखि, हजारौँ वर्षदेखि महिलाहरूलाई सम्पत्तिबाट विहीन बनाएर पुरुषले जसरी दासत्व लाद्यो, महिलामाथि हाम्रा नारीमाथि अमानवीय दासत्व लाद्यो, त्यसको विद्रोह त पूरा भएकै छैन त । कानुनमा दुईचारवटा खेस्रा लेखेर केही महिलाहरूलाई माथिमाथि पुऱ्याएर हुन्छ ? जन्मिने बित्तिकैबाट नारीलाई समान अधिकार स्थापित गर्ने कुरा छ । त्यसपछि आउँछ दलितहरूको अधिकारको कुरा, नेपालका उत्पीडित जाति-जनजातिहरूको कुरा । यो सबैलाई हल गर्न तयार छ त सरकार ? राज्य ? वार्ताले त्यसलाई गम्भीर रूपमा केन्द्रित गर्दै आएको छ त ? ठीक छ । हामी छलफल गर्न तयारै छौँ । हामीले यसरी हेरेका छौँ वार्तालाई ।

जहाँसम्म अनौपचारिक ढरूगले हाम्रा विभिन्न शुभचिन्तक मित्रहरूले कोसिस गरिरहनुभएको छ, त्यसलाई त हामी स्वागत गर्छौं ।

### नेपाली समाजको ...

हो जसको काँधमा सिङ्गो राष्ट्र र जनताको भाग्य र भविष्य जोडिएको हुन्छ । आज हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीको काँधमा नेपाल राष्ट्र र नेपाली जनताको भाग्य र भविष्य जोडिएको छ । नेपालको दलाल संसदीय व्यवस्था र त्यसका सञ्चालक पार्टीहरूमा देखापरेको साम्राज्यवादपरस्त सोचाइका कारण व्यक्त भइरहेको राष्ट्रघात र जनघातका शृङ्खलाहरूले जनताहरूमा देखापरिरहेको निराशा र उनीहरूका विरुद्ध भइरहेका जनविद्रोह, देशको कहालीलाग्दो अर्थव्यवस्था, विकृति र विसङ्गति, लूट, भ्रष्टाचार र बलात्कारका घटनाक्रमहरू, बेरोजगारी, महँगी तथा शिक्षा र स्वास्थ्यमा भइरहेका निजीकरण र माफियाकरणले जनतालाई आजित तुल्याएको छ। हाम्रो पार्टीको स्पष्ट दृष्टिकोण छ- यी सम्पूर्ण समस्याको मूल स्रोत विश्वमा असफल संसदीय व्यवस्था हो । यसको समाधान वैज्ञानिक समाजवादी राज्यव्यवस्थाबाट मात्र सम्भव छ । वैज्ञानिक समाजवादी राज्यसत्ता त्यस्तो राजनीतिक प्रणाली भएको व्यवस्था हो जहाँ राष्ट्र स्वाधीन हुनेछ । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सञ्चारको ग्यारेन्टी हुनेछ । मान्छेले मान्छेमाथि गर्ने सम्पूर्ण असमानता र विभेदको अन्त्य हुनेछ । जनता राज्यसत्ताका मालिक हुनेछन् । हाम्रो पार्टी वैज्ञानिक समाजवाद निर्माणको यही महान् अभियानको नेतृत्व गरिरहेको पार्टी हो । सामाजिक दलालहरू हाम्रो पार्टीको यो अभियानबाट आतङ्कित बनेका छन् । उनीहरू हाम्रो पार्टीका विरुद्ध सङ्कटकालीन अवस्थाभैँ राजनीतिक र फौजी रूपमा हमला गर्न पुगेका छन् । उनीहरू हाम्रो पार्टीलाई उत्तेजनामा ल्याएर प्रतिक्रियावादी युद्धमा धकेल्न चाहन्छन् । तर हामी कमरेड माओले भनेभैँ तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौँ भन्ने तरिका अपनाउँदै अघि बढिरहेका छौँ । हामी हाम्रो विकसित विचार, दर्शन, कार्यदिशा र नेतृत्वमा नेपालमा एकीकृत जनक्रान्ति सङ्गठित गर्न लागिरहेका छौँ । नयाँ नेतृत्वद्वारा विकसित विचार, दर्शन र कार्यदिशा जसलाई साम्राज्यवादी, प्रतिक्रियावादी र संशोधनवादीहरू 'अन्धाले हात्ती छामेभैँ' विभिन्न विश्लेषण गरिरहेका छन् । नेपाल राष्ट्र र जनताका वर्गवैरीहरूले एकीकृत जनक्रान्तिका विरुद्ध विभिन्न षड्यन्त्रका जोरजुलुमसहित लागिरहेको अवस्थामा नेपाल कम्युनिस्ट पार्टीले योजनाबद्ध रूपमा आफ्ना कामहरूलाई अगाडि बढाउनु पर्दछ । राजनीतिक क्रान्ति समाज विकासको एउटा अनिवार्य प्रक्रिया हो । मानव समाजमा हालसम्म जेजति विकास, खोज, अनुसन्धान र प्रगतिहरू भएका छन् त्यसको मूल कारण राजनीतिक क्रान्तिको निरन्तरता हो । सत्तासीन वर्ग जहिले पनि राजनीतिक क्रान्तिलाई आतङ्ककारी, उग्रवादी, अराजक गतिविधि, राष्ट्रद्रोह र लुटेराको आरोप लगाउँदै दमन गर्न पुग्छन् । नेपाली क्रान्ति पनि यो अन्तर्राष्ट्रिय परिघटनाबाट अछुत रहन सक्दैन । आज नेपाली क्रान्ति ठीक यही परिघटनासहित अगाडि बढिरहेको छ । राजनीतिक विज्ञान र यसले अनिवार्य भेल्ने नियमलाई आत्मसात गर्दै सिङ्गो पार्टीले विचार, राजनीति र नवीनतम् कार्यदिशालाई आफ्ना सम्पूर्ण निकाय र आमजनतासम्म पुऱ्याउन जोड लगाउनुपर्छ । यसका साथै सामाजिक दलाल सरकारविरोधी सम्पूर्ण राजनीतिक शक्ति, नागरिक समाज, बुद्धिजीवी, व्यापारी र विभिन्न जनवर्गहरूसँग सहकार्य गर्दै सङ्घर्ष सङ्गठित गर्ने प्रयत्न अगाडि बढाउनु पर्दछ । सङ्गठनात्मक दृष्टिले क्रान्तिका तीन साधनलाई सशक्त र जुझारु बनाउँदै लडाकु दस्तामा बदल्न जोड लगाउनु पर्दछ । यसप्रकारका सङ्गठनहरूको निर्माण र परिचालन गर्दा गुणबाट मात्रातिर जाने तथा चेन अफ कमाण्ड र चेन अफ युनिटको विधि अवलम्बन गर्नु पर्दछ । जनवाद र केन्द्रीयताको सही प्रयोगद्वारा क्रान्तिका तीन साधनको सबलीकरणमा जोड लगाउनु पर्दछ । जनताका वैरीहरूले पार्टी र जनतालाई अलगथलग पार्न चाहन्छन् । तसर्थ क्रान्तिकारीहरूले जनसम्बन्धलाई बलियो बनाउन हरदम कोसिस गर्नु पर्दछ । यसका साथै पार्टीका सम्पूर्ण तहका नेता तथा कार्यकर्ताहरूले परिस्थितिमा आउने जस्तोसुकै चुनौतीका लागि पनि आफूलाई तयार गर्न जरुरी छ । मृत्यु, जेल, पारिवारिक समस्याजस्ता विषयहरू क्रान्तिको प्रक्रियामा आउने अनिवार्य चुनौतीहरू हुन् । समाज बदल्ने राजनीतिक क्रान्तिमा सहभागी नेता-कार्यकर्ताहरूले यो एउटा अनिवार्य नियमका रूपमा बुझेर अगाडि बढ्नुपर्छ । हामी सत्यका पक्षमा छौँ । सत्य जनताका पक्षमा हुन्छ । यसका साथै हाम्रो पार्टीद्वारा विकसित दर्शन, राजनीति, विचार र कार्यदिशाको प्रयोगले हामीलाई केपी-पीके मण्डलीको सामाजिक फासिवादको त के दुनियाँको कुनै पनि शक्तिले हाम्रो विजययात्रा रोक्न सक्नेछैन । सामाजिक दलाल सत्ताद्वारा लादिएको सामाजिक फासिवादी उत्पीडनका विरुद्ध चौतर्फी क्षेत्रमा जनप्रतिरोधलाई सङ्गठित गर्दै आमजनताको घेरालाई अझ सशक्त र व्यापक बनाउँदै अघि बढौँ । एकीकृत जनक्रान्ति जिन्दावाद ! नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद !!

# व्यापारीद्वारा जनअदालतमा मुद्दा, जनकारबाही गर्ने नेकपाको चेतावनी

■ रातो खबर संवाददाता/पोखरा

पोखरा पृथ्वीचोकस्थित सस्तो बजारका व्यापारीबाट ठेकेदारले धरौटी लिएको ३७ लाख रकम फिर्ता नगरी पचाउन खोजेपछि नेपाल कम्युनिस्ट पार्टीको जनअदालतमा उजुरी परेको छ । आफ्नो पार्टीको जनअदालतमा उजुरी परेपछि नेकपा कास्कीले तत्काल व्यापारीको रकम फिर्ता गर्न बिचौलियाहरूलाई आग्रह गर्दै जेठ २ गते बिहीबार प्रेसविज्ञप्ति जारी गरेको छ ।

'नेपाल वायुसेवा निगमको स्वामित्वमा कास्की जिल्ला पोखरा महानगरपालिकाको पृथ्वीचोकमा रहेको जग्गामा सञ्चालनमा रहेको सस्तो बजारमा करिब दुई सय व्यवसायीले व्यवसाय गर्ने गरे पनि निगमले दलालमार्फत भाडा उठाउने गरेको बेहोरा जगजाहेर छ', विज्ञप्तिमा भनिएको छ ।

'निगमले कृष्णप्रसाद श्रेष्ठलाई मासिक ३१ हजार भाडा उठाउन दिएको, निज श्रेष्ठले भरत गुरुङलाई बिचौलियाका रूपमा भाडा उठाउन राखेको र भरत गुरुङले मासिक ८ लाखसम्म भाडा उठाएकामा सस्तो बजारमा व्यवसाय गर्ने व्यवसायीहरूले सङ्गठित रूपमा विरोध जनाएपछि ०७२ साउन १ गतेदेखि मासिक रु. ७ लाख भाडा कायम गरिएको र पछि विभिन्न बहानामा तत्कालीन गृहमन्त्री प्रभाकरको ठाडो निर्देशन र सिडिओ तारानाथ अधिकारीको आदेशमा त्यहाँका व्यवसायीहरूलाई विस्थापित गरी धरौटी रकमसमेत फिर्ता नगरी दलालहरूको पक्षपोषण गरिएको निवेदन संयुक्त क्रान्तिकारी जनपरिषद्मार्फत हाम्रो पार्टीमा विभिन्न कागजातसहित प्राप्त भएको छ', विज्ञप्तिमा उल्लेख गरिएको छ ।

भरत गुरुङले सस्तो बजार व्यवस्थापन समितिबाट मिति ०७२ असार २४ मा ३७ लाख ५० हजार धरौटीस्वरूप लिएको र सम्भौता सकिएको १० दिनभित्रमा सस्तो बजार व्यवस्थापन समितिलाई फिर्ता गर्नुपर्नेमा हालसम्म उक्त रकम फिर्ता नगरेको, यस विषयमा दलालहरूलाई प्रशासनको संरक्षण रहेको कारण दलालहरूले सर्वसाधारण व्यवसायीहरूबाट रकम सङ्कलन गरी बदनियतपूर्ण तरिकाबाट फिर्ता नगरेको घटनाप्रति आफ्नो पार्टीको गम्भीर ध्यानाकर्षण भएको नेकपा कास्कीले जनाएको छ । यस्तै नेकपाले बजार समितिबाट भरत गुरुङले धरौटीस्वरूप लिएको रकम १५ दिनभित्र तत्कालीन बजार समितिलाई फिर्ता गर्न र तत्कालीन बजार समितिले सार्वजनिक सूचना जारी गरी सम्बन्धित व्यवसायीहरूलाई फिर्ता गर्न ध्यानाकर्षण पनि गराएको छ ।

नेकपाले यो वा त्यो बहानामा रकम फिर्ता नगरे यसबाट पर्ने विषय परिस्थितिको जिम्मेवार भरत गुरुङ र तत्कालीन बजार समिति हुने गम्भीर चेतावनी दिएको छ । यस्तै नेकपाले हङकङ बजार, बास्तोला कम्प्लेक्सलगायत पोखराका विभिन्न ठाउँमा रहेका व्यापारिक बजारहरूमा बिचौलिया वा दलाल पक्षलाई राज्यले ठाउँ दिँदा व्यापारी हजारौँ प्रतिशतको महँगो भाडाको मारमा परेको स्वतः सिद्ध भइसकेको बताएको छ ।

'फेरि पनि दलाल र बिचौलियालाई बलवान् बनाउँदै उनीहरूको हितमा राज्यका प्रशासनिक अङ्ग सुरक्षा अङ्ग र सरकारमा रहेका दल र गृहमन्त्रीसमेत यो मामिलामा मुछिएर सतहमा देखापरेका छन् । यो बजारको समस्याले नेपालका राजनीतिक दल र नेतालाई राजनीतिले कमान्ड गर्ने नभएर डन, दलाल र बिचौलियाले निर्देशन गर्ने र सोहीअनुसार एउटा हिस्साका लागि उनीहरूले भाग लिने तल्लो दर्जाको राजनीतिक भद्दा संस्कार उजागर भएको छ', विज्ञप्तिमा भनिएको छ ।

साथै नेकपाले सार्वजनिक सरकारी सम्पत्तिहरूलाई दलालहरूमार्फत लुटको माध्यम बनाउने र जनतालाई निर्मम शोषण गर्ने यस्ता प्रवृत्तिका विषयमा आवाज उठाउन र जनताका पक्षमा सङ्गठित हुन आमन्यायप्रेमी जनसमुदायसँग जोडदार अपिलसमेत विज्ञप्तिमार्फत गरेको छ । यो एउटा प्रतिनिधि घटना मात्र रहेको, यस्ता अनेक घटनाका बारेमा आफ्नो पार्टीले अध्ययन गरिरहेको र सबैखाले शोषक र दलालहरूका विरुद्ध जनताको आवाजमा पार्टीको ऐक्यबद्धता व्यक्त गर्दै नेकपाले न्यायप्रेमी जनसमुदायलाई दलाल र ठगहरूका विरुद्ध गोलबद्ध हुन आह्वान पनि गरेको छ ।

## अखिल (क्रान्तिकारी) ले राख्यो कालो ब्यानर

**चितवन** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) चितवनले चितवनका निजी शैक्षिक संस्थाहरूमा विरोधस्वरूप कालो ब्यानर राखेको छ ।

सङ्गठनका अध्यक्ष चिरञ्जीवी ढकालको गिरफ्तारीको विरोध र शुल्क वृद्धिको खारेजी माग गर्दै उक्त सङ्गठनले चरणबद्ध सङ्घर्षका कार्यक्रमअन्तर्गत चितवनमा ब्यानर राखेको हो । अखिल (क्रान्तिकारी) ले जेठ ५ गते आम शैक्षिक हडतालको पनि घोषणा गरेको थियो । सङ्गठनका केन्द्रीय उपाध्यक्ष रुद्र भट्टराईले शुक्रबार प्रेसविज्ञप्ति जारी गरेर अध्यक्ष ढकालको रिहाइको लागि सङ्घर्षका कार्यक्रमहरू घोषणा गरेका हुन् । भट्टले वैशाख २९ गते देशभर विरोधसभा, जेठ १ गते विरोध प्रदर्शन, जेठ ४ गते मशाल जुलुस र ५ गते आम शैक्षिक हड्तालको घोषणा गरेका हुन् ।

यसै कार्यक्रमसँगसँगै चितवनका शैक्षिक संस्थामा भएको शुल्क वृद्धिको पनि खारेजीको माग गर्दै चितवनमा चरणबद्ध सङ्घर्षको कार्यक्रम सुरु गरिएको अखिल (क्रान्तिकारी) चितवन जिल्ला समितिका अध्यक्ष रमेश लामिछानेले बताए । चितवनका शैक्षिक संस्थाले शुल्क वृद्धि खारेज नगरे जस्तोसुकै सङ्घर्ष गर्न तयार रहेको चेतावनी लामिछानेले दिएका छन् ।

## जिल्ला जनपरिषद् प्रमुख विवेक गिरफ्तार, नेकपा रामेछापको चेतावनी

**रामेछाप** : रामेछाप जिल्ला जनपरिषद्का प्रमुख वीरबहादुर मोक्तान 'विवेक' लाई प्रहरीले गिरफ्तार गरेको छ । उनलाई भक्तपुरबाट वैशाख २७ गते साँभ ५:३० बजे गिरफ्तार गरेको नेपाल कम्युनिस्ट पार्टी रामेछापले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ । नेकपा रामेछापका सेक्रेटरी अभिलाषले वैशाख २९ गते प्रेसविज्ञप्ति जारी गरी जनसरकार प्रमुखको गिरफ्तारीको विरोध गरेका हुन् । उनले केही महिनाअगाडि गिरफ्तार परेका आफ्नो पार्टीका रामेछाप इन्चार्ज यादव ढुङ्गेल 'जमिन' र जिल्ला जनपरिषद्का प्रमुख वीरबहादुर मोक्तान 'विवेक' लाई प्रहरीले गिरफ्तार गरी अनावश्यक भूठ्ठा मुद्दा लगाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन् । सेक्रेटरी अभिलाषले गिरफ्तारीमा परेकाहरूलाई बिनासर्त रिहाइको जोडदार माग गरेका छन् ।

# मिडिया काउन्सिल विधेयकविरुद्ध देशभर पत्रकारहरूको धर्ना र प्रदर्शन

**काठमाडौँ** : सरकारले संसद्मा दर्ता गरेको मिडिया काउन्सिलसम्बन्धी विधेयकको विरोधमा पत्रकारहरूले देशभर शुक्रबार प्रदर्शन गरेका छन् । नेपाल पत्रकार महासङ्घको आयोजनामा काठमाडौँको नयाँबानेश्वर र अन्य जिल्लाहरूमा जिल्ला प्रशासन कार्यालयअगाडि सञ्चार साधनसहित पत्रकारहरूले धर्ना दिएका हुन् ।

काठमाडौँको बानेश्वरमा आयोजित प्रदर्शनमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्य, महासचिव रमेश बिष्टसहित पदाधिकारी, पत्रकार, अधिकारकर्मीहरू सहभागी भएका थिए भने उक्त प्रदर्शनलाई मानवअधिकारवादी सङ्घसंस्था, नागरिक समाजका प्रतिनिधिहरूले पनि साथ दिएका थिए । पत्रकारहरूले सञ्चार साधन भुइँमा राखेर प्रदर्शन गरेका थिए भने सरकारले अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन खोजेको साङ्केतिक विरोधमा मुखमा कालोपट्टीसमेत बाँधेका थिए ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी विधेयक संसद्मा दर्ता गरिएको भन्दै महासङ्घले तत्कालै उक्त विधेयक फिर्ता लिन माग गरेको छ । आफूले उठाएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कानुन संशोधन वा फिर्ता गर्नुपर्ने माग सम्बोधन नभएकाले थप आन्दोलित हुनुपर्ने अवस्था आएको भन्दै महासङ्घले आफूहरूको माग पूरा नभए दोस्रो चरणको आन्दोलन घोषणा गर्ने जनाएको छ ।

बानेश्वरको प्रदर्शनलाई सम्बोधन गर्दै महासङ्घका अध्यक्ष गोविन्द आचार्यले प्रेसलाई अङ्कुश लगाउने गरी संसद्मा विधेयक दर्ता गरिसकेपछि आफूहरूले विभिन्न ढङ्गले आवाज उठाए पनि त्यसको सुनुवाइ हुन नसकेपछि बाध्य भएर सडकमा आउनुपरेको बताए । आचार्यले सडकको आवाज लोकतन्त्र र मौलिक अधिकारको आवाज रहेको बताउँदै यो आवाजको सुनुवाइ नभएसम्म आन्दोलन नरोकिने बताए ।

यस्तै महासङ्घका उपाध्यक्ष विपुल पोखरेलले विधेयक फिर्ता लिनुपर्ने मागलाई सरकारले बेवास्ता गरेको र अफ कडा शब्दमा धम्कीपूर्ण अभिव्यक्ति सरकारबाटै आउन थालेको बताए । महासङ्घले आयोजना गरेको प्रदर्शनमा पत्रकारका विभिन्न सङ्घ, सङ्गठनका साथै नागरिक अगुवाहरूसमेत सहभागी थिए ।

धर्ना कार्यक्रममा नागरिक समाज, मानवअधिकारकर्मीहरूले प्रेस स्वतन्त्रता र मानवअधिकार रक्षाको माग गर्दै आआफ्ना धारणा राखेका थिए ।

## नेकपा डोटीको कडा चेतावनी

**डोटी** : नेपाल कम्युनिस्ट पार्टी डोटी जिल्ला इन्चार्ज दौलत र सेक्रेटरी कालु पाण्डेले जेठ ५ गते विज्ञप्तिमार्फत केपी-प्रचण्ड सरकारलाई कडा चेतावनी दिएका छन् ।

'वर्तमान केपी-प्रचण्डको फासिवादी दलाल सरकारले जनताको हकअधिकारमाथि एकपछि अर्को गर्दै धावा बोलिरहेको छ । जनसाधारणदेखि हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनाकारण पक्राउ गर्ने, शारीरिक तथा मानसिक यातना दिने, भूठ्ठा मुद्दा लगाउने कार्य गरिरहेको छ । यसप्रकारका अमानवीय क्रियाकलाप बन्द गरी स्वतन्त्र एवम् सम्मानजनक रूपमा बाँच्न पाउने, शान्तिपूर्ण रूपमा सभासम्मेलन तथा राजनीतिक क्रियाकलाप गर्न पाउने अवस्थाको सुनिश्चितता गर्न हाम्रो पार्टी जोडदार माग गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

'यही जेठ ३ गते डोटी जिल्ला सचिवालय सदस्य प्रकाश थापालाई बड्डी केदार गाउँपालिका ५ लानाकेदारेश्वर भाउरास्थित आफ्नै घरमा बसिरहेको बेला कथित जनप्रतिनिधिको सुराकीका आधारमा प्रहरीले गिरफ्तार गरेको घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । जनप्रतिनिधिहरूले जनता र जनपक्षीय पार्टीका नेता-कार्यकर्ताको सुराकी नगरी जनसत्तालाई सहयोग गर्न अनुरोध गर्दछौँ', विज्ञप्तिमा भनिएको छ ।

'जनतालाई विभिन्न प्रलोभन र बाँडेका आश्वासन पूरा गर्न नसक्ने र जनतालाई सुशासन दिनुको साटो आफ्नै सेवासुविधा मात्रै थप्नमा लाग्ने, भ्रष्टाचारमा चुर्लुम्म डुबेका कथित जनप्रतिनिधिहरूले जनपक्षीय पार्टी र नेता-कार्यकर्ताहरूको सुराकी गर्ने कार्य गरेमा निजहरूलाई निकै महँगो साबित हुनेछ । साथै पक्राउ गरिएका प्रकाश थापालगायत सम्पूर्ण नेता-कार्यकर्ताको अविलम्ब रिहाइका लागि जोडदार माग गर्दछौँ । अविलम्ब रिहा नगरिएमा हाम्रो पार्टी कडा सङ्घर्षमा जान बाध्य हुने कुरा यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ', विज्ञप्तिमा भनिएको छ ।

## अखिल (क्रान्तिकारी) द्वारा प्रतिबन्धविरुद्ध प्रतिरोध गर्न आह्वान

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष रुद्र भट्टराईले काठमाडौँको शान्तिवाटिकामा आयोजित कार्यक्रमबाट पक्राउ परेका नेता-कार्यकर्ताहरूलाई रिहा गर्न माग गर्दै बिहीबार प्रेसविज्ञप्ति जारी गरेका छन् ।

भट्टराईले आफ्ना नेता-कार्यकर्ताहरूलाई तत्काल रिहा नगरे कडा सङ्घर्षमा उत्रिने पनि बताएका छन् । उनले लोकतन्त्रका आधारभूत मूल्यमान्यता लत्याउँदै सरकार अघि बढिरहेको आरोप लगाउँदै फासिवादी सरकारका हरेक कदमको प्रतिवाद गर्न आफूहरू तयार रहेको विज्ञप्तिमार्फत उल्लेख गरेका छन् ।

अखिल (क्रान्तिकारी) लगायत ११ विद्यार्थी सङ्गठनले गत बुधबार काठमाडौँमा ५५ औँ विद्यार्थी एकता दिवसका अवसरमा सरकार विरुद्ध प्रदर्शनसहित शान्तिवाटिकमा कार्यक्रम आयोजना गरेका थिए । सोही कार्यक्रममा सहभागी अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य प्रेम शाही, मदन चन्द, मुगु जिल्ला अध्यक्ष नरश्वर बुमीलाई बिनाकारण सामाजिक फासिवादी वर्तमान सरकारले गिरफ्तार गरेको भन्दै त्यस कदमप्रति सङ्गठनले घोर भर्त्सना गरेको छ र तुरुन्त रिहाइको मागसमेत गरेको छ ।

## नेकपाका रोल्पा इन्चार्ज रोकासहित ३ गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका रोल्पा जिल्ला इन्चार्ज जयप्रकाश रोका 'प्रताप' सहित ३ जनालाई प्रहरीले लुङ्ग्री गाउँपालिका वडा नं. ५ पाङ ऐपेबाट गिरफ्तार गरेको छ । बिहीबार दिउँसो साढे १ बजेतिर थवाङ घर भएका नेकपा रोल्पा जिल्ला इन्चार्ज जयप्रकाश रोका 'प्रताप', नेकपा रोल्पा जिल्ला सदस्य धनबहादुर खत्री 'टाइगर' र भूपेन्द्र खड्कालाई एकै ठाउँबाट प्रहरीले गिरफ्तार गरेको नेकपा राप्ती ब्युरोले जनाएको छ । नेकपाको राप्ती ब्युरोले बिनाकारण प्रहरीले आफ्नो पार्टीका नेता-कार्यकर्तालाई गिरफ्तार गरेको भन्दै तत्काल र बिनासर्त रिहा गर्न मागसमेत गरेको छ । नेकपा राप्ती ब्युरो इन्चार्ज सुवासले गिरफ्तार गरिएका नेता-कार्यकर्तालाई रिहा नगरिए त्यसको परिणाम राम्रो नहुने र सशक्त प्रतिरोध गर्ने चेतावनी दिएका छन् ।

शुभकामना

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक, शिक्षिका, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ दिदीबहिनी तथा आमाबुबामा सुख, शान्ति, समृद्धि र दीर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

देव गुरुङ, प्रिन्सिपल
महेन्द्र राष्ट्रिय उच्च माध्यामिक विद्यालय
बालुवाटार, काठमाडौँ

# धर्म र कम्युनिस्ट

अनिल शर्मा

मानवसभ्यताको प्रातःकालमा मानिस दैविक ज्ञानको निकट थिएन । प्राकृतिक घटना र प्रकृतिका रहस्यहरू देखेर उसमा कुतुहल तथा भय सिर्जना हुनु स्वाभाविक थियो । प्रकृतिका रहस्यहरूको वैज्ञानिक कारण नजान्दा कुनै अलौकिक शक्तिको अस्तित्व कल्पना गरेको हुन सक्छ । अहिले पनि कैयौँ जनजातिहरू प्रकृतिपूजक रहेको स्थिति, राउटेजस्ता जङ्गली जातिहरू प्रकृतिपूजक रहेको यथार्थले त्यसका लागि आधार प्रदान गर्दछन् ।

मानवचेतनामा धार्मिक भावना प्रारम्भमा कसरी पैदा भयो होला ? त्यस विषयमा एकरूपता देखिएको छैन । हुन सक्छ, मानव चेतनाको विकाससँगै उसले मृत्युको बारेमा सोच्न थाल्यो । चलमल, काम-धाम गरिरहने मान्छे एकाएक शान्त हुँदा रिसाएको वा मान्छेलाई शान्त बनाउने शक्ति भएको र शान्त भएको धेरै पछि दुर्गन्ध आउने, कुहिने देखेपछि र उसलाई सपनामा देख्न थालेपछि अलौकिक शक्तिको डरमा त्यो ठाउँ नै छोडेर जान थाले तर पनि मृत आफन्तको सम्झना हुन छोडेन । त्यसपछि मृत व्यक्तिले पिछा गरिरहेको कल्पना भएको हुनुपर्छ । आहारा बाँडेर खाने र त्यसो नगर्दा रिसाउनु स्वाभाविक थियो । मृत आफन्तलाई खुसी पार्न उसको भाग छुट्याउन थाले । कालान्तरमा सम्झना पनि धुमिल हुँदै जाने हुनाले त्यसलाई उसले भाग छुट्याएपछि रिसाउन छोडेको ठान्यो । त्यसकारण भाग छुट्याउने संस्कारले निरन्तरता पायो । त्यसैप्रकारको प्रक्रिया अन्य प्राकृतिक रहस्य र भयहरूका सन्दर्भमा पनि हुन थाल्यो । त्यसरी कबिला समाज प्रकृतिपूजक भएर गयो ।

अध्ययनबाट के देख्न सकिन्छ भने सबै मृत अग्रजहरूको स्मृति संस्कारको परम्परा जीवित मानवको मस्तिष्कमा एक दुःस्वप्नका रूपमा रहिरहेको हुन्छ । एकलाख वर्ष पहिले नै अन्डरथलले आफ्ना मृतकलाई गाड्ने, त्यहाँ खाना र हतियार राखिदिने गर्दथे । प्राकृतिक घटनाको भय, रहस्य र आत्मरक्षाका लागि प्राकृतिक शक्तिहरूलाई खुसी पार्न प्रार्थना गर्न थालियो । भौतिक घटनाको कार्य र कारण बुझ्न नसक्दा आध्यात्मिकताको सिर्जना भयो । वर्ग-समाजको उदयपछि वर्गीय स्वार्थसहित व्याख्या गरियो । दासयुग धर्मको स्वर्णकाल थियो । पहिलो वेद ऋग्वेद ई.पू. १५००-१२०० वर्ष पहिले भारतको पञ्जाब राज्यमा तयार भएको मानिन्छ । विस्तारै धर्ममा कर्मकाण्डवाद थपियो । कर्मकाण्डवादले राजालाई ईश्वर र ब्राह्मणलाई ईश्वरको उत्तराधिकारी ठान्यो । त्यसले अर्थात् बौद्धिक जगत्ले श्रमिकहरू र महिलालाई ईश्वरका दास ठान्न थाल्यो । त्यसले सत्ताद्वारा श्रमिकमाथिको उत्पीडनलाई नैतिक ठहऱ्यायो । त्यसप्रकारको नैतिक मूल्य र समाज व्यवस्थालाई विकास र समृद्ध बनाउनका लागि पौराणिक साहित्यको रचना गरियो । धर्मका सम्बन्धमा फ्रेडरिक एङ्गेल्सको भनाइ छ, "धर्म वास्तवमा अरू केही नभएर मान्छेको सांसारिक स्थितिको प्रतिबिम्ब हो । जहाँ ईश्वरले रूप धारण गरेको हुन्छ ।" धर्मले विभ्रम (उल्टो चेतना) या समस्याको कल्पित समाधान प्रस्तुत गरेर आमजनलाई वास्तविकताबाट टाढा राख्दछ । यसप्रकार धर्मले प्रतिक्रियावादी राजनीतिको मानसिक आधार तयार गर्दछ ।

## धर्म के हो ?

वर्ग समाजको उत्पत्तिपछि शोषकवर्गले आफूलाई सुदृढ गर्नेक्रममा राज्यसत्ता निर्माण गऱ्यो । भौतिक सत्ता चिरस्थायी गर्न उसलाई विचार र समाजिक मूल्यजस्ता अप्रत्यक्ष र सूक्ष्म हतियारको पनि आवश्यकता महसुस भयो । त्यही बौद्धिक सत्ता सुदृढ गर्नेक्रममा सामन्तवादले पुनर्जन्म, भाग्यवाद, जादुगरी, टुनामुना, स्वर्ग, नरक आदिको परिकल्पना गरेको थियो । पुँजीवादले सुरुमा सामन्तवादसँग लड्नेक्रममा धार्मिक सत्ताका विरुद्ध भण्डाफोर अभियान चलाएको थियो । सामन्तवाद र साम्राज्यवादका बीचको अपवित्र साँठगाँठपछि धार्मिकता र शोषणमा आधारित सत्ता टिकाउन आवश्यक महसुस गरी पुँजीवादले धर्म विरोधी अभियान रोकेको मात्र होइन, पादरी र चर्चको शरणमा लम्पसार परेको छ । यतिबेला मार्क्सवादबाहेक धार्मिक सत्ताका विरुद्ध टक्कर लिने कुनै अर्को विरोधी पक्षको अस्तित्व छैन ।

धर्मका सम्बन्धमा फ्रेडरिक एङ्गेल्सको भनाइ छ "कुनै पनि धर्म मानिसको मस्तिष्कमा ती बाध्य शक्तिहरूको कपोलकल्पित प्रतिबिम्बसिवाय अरू केही होइन, जसले मानिसको दैनिक जीवनमा उनीहरूमाथि प्रभुत्व जमाएका हुन्छन् । यस्तो प्रतिबिम्बमा पार्थिव शक्तिहरूले नै अपार्थिव रूप लिन पुग्दछन् ।"१ प्रकृतिका रहस्यहरूप्रति अनभिज्ञता, उत्पीडनबाट पैदा हुने निस्सहायताको भावना, प्राकृतिक प्रकोप र प्रकृतिका रहस्यहरूप्रति अनभिज्ञता नै धार्मिक भावनाको उत्पत्तिको कारण हो । समाज विकासको निश्चित चरणमा धर्मको उदय भएको थियो र मानवजाति पूर्ण भौतिकवादी भएपछि धर्मको आधार समाप्त हुनेछ । पुँजीवादीहरू धर्मलाई सर्वकालिक र धार्मिक भावना मान्छेको प्राकृतिक गुण भन्दछन् ।

साम्राज्यवादले पश्चिमी अतिक्रमणकारी संस्कृतिको प्रचार, जासुसी संयन्त्रको घुसपैठ, पश्चिमी दासत्वकरण र ती सबैको केन्द्रमा स्थानीयताको निषेध र साम्राज्यवादी व्यापार विस्तारको रणनीति अपनाएको छ । धर्मले समाजमा खेल्ने भूमिकालाई बुँदागत रूपमा हेरौँ -

जीवन र जगत्प्रति विभ्रम (उल्टो चेतना) निर्माण गर्नु

श्रमिकजनको चेतनामा विद्रोही भावनाको अन्त्य गराउनु, मानसिक दासत्व सिर्जना गर्नु

राजा, महाराजा र पण्डित, पुरोहित, पादरी, मुल्लाहरूलाई ईश्वरीय शक्तिका रूपमा स्थापित गर्नु

ऐतिहासिक भौतिकवादी ज्ञान सिद्धान्तको निषेध गर्नु

नरकको भय सिर्जना गर्नु, आतङ्कित पार्नु, कष्टकर जीवन बनाउनु र आत्मपीडक संस्कारको सिर्जना गर्नु

सत्ता उत्पीडनलाई पूर्व-जन्मको फल भन्नु र उत्पीडन गर्नु

आर्थिक शोषण गर्नु

जातीय, क्षेत्रीय, लैङ्गिक, रङ र क्षेत्रीय उत्पीडनलाई नैतिक र स्थायी ठहऱ्याउनु ।

धार्मिक संहिताद्वारा सामन्ती सत्ताको पूरक बन्नु

बौद्धिक शोषणलाई स्थायित्व प्रदान गर्नु

परनिर्भरता तथा दास मानसिकता, निरीहता भाव सिर्जना गरी मानवीय शक्तिलाई निरीह बनाउनु

जनतामा राज्यको नियन्त्रण कायम गर्न परिपूरक बन्नु

जीवन र जगत्को विकासका नियमहरूलाई मिथ्याकरण गर्नु

पुँजीवादी बजार विस्तारको हतियार बन्नु

अन्यायपूर्ण युद्ध र अपराधलाई दैवक इच्छा भन्दै त्यसलाई नैतिक र अनिवार्य ठहऱ्याउनु आदि ।

धर्ममा रहेको जनपक्षीय विचार, शान्तिको प्रचार र आजभोलि धर्मले विज्ञानको आड लिने प्रसङ्ग त्यसको प्रतिगामी तथा जनविरोधी सारतत्वको रक्षाकवचसिवाय केही होइन । धार्मिक समुदायमा जतिसुकै विविधता र परिवर्तन भए पनि तिनीहरू सबैको सर्वकालिक विशेषता भनेको उत्पीडितवर्गमाथि दमन र शोषण नै हो । अध्यात्मवादीहरूले मार्क्सवादीहरूलाई लगाउने गरेको धर्म विरोधी आरोपका सन्दर्भमा कम्युनिस्ट पार्टीको घोषणापत्रमा भनिएको छ, 'कम्युनिस्टहरूका विरुद्ध धार्मिक र वैचारिक आधारमा लगाइएका आरोपहरूमाथि खासै ध्यान दिन आवश्यक छैन । वास्तविक कुरा के हो भने व्यक्तिको स्थिति सांसारिक स्थितिअनुसार परिवर्तन भइरहन्छ । "धर्म वास्तविकताको विकृत र कपोलकल्पित प्रतिबिम्ब हो । जीवन र जगतका भौतिक परिवर्तनअनुसार मान्छेका धार्मिक चेतनामा पनि परिवर्तन आइरहेन्छ ।"

## धर्म र नैतिकता

शोषकवर्गले धार्मिकतालाई नैतिक बताएको छ । जब कि नीतिशास्त्र सामाजिक प्राणीबीचको सम्बन्धलाई नियमित र व्यवस्थित गर्ने साधन हो भने धर्म मृत्युपछिको पुनर्जन्मसँग सम्बन्धित छ । अगस्त फ्रेडरिक बेबेलले भनेका छन्, "नैतिक र नीतिशास्त्र भनेका त्यस्ता धारणाहरूका अभिव्यक्ति हुन्, जसले मानिसहरूका कार्य र एकको अर्कोप्रति तिनीहरूको सम्बन्धलाई नियमित गर्छन् । धर्मले चाहिँ पारलौकिक प्राणीहरूप्रति मानिसहरूको कार्यलाई नियमित गर्छन् ।" त्यसैले धर्मको नैतिकतासँग कुनै नाता छैन ।

धर्म शोषकवर्गको बलियो औजार भएको छ । गान्धीवादी चिन्तक जेसी कुमारप्पा भन्छन्, "पश्चिमी देशहरूका ४ ओटा हातहरू छन् : स्थलसेना, नौसेना, वायुसेना र चर्च । तिनैको माध्यमले उनीहरू संसारभरि आफ्नो स्वार्थ पूरा गर्छन् । सन् १९७९ मा जब अमेरिका र चीनका बीचमा पहिलोपटक कुटनीतिक सम्बन्ध कायम गर्नका लागि चीन र अमेरिकाका बीचमा वार्ता भएको थियो, अमेरिकी राष्ट्रपति जिमी कार्टरले चीनसँग तीनओटा शर्त राखेका थिए (१) चीनमा चर्चहरू खोल्न दिनुपर्ने (२) बाइबल प्रकाशित गर्न दिनुपर्ने (३) इसाई मिसनरी फेरि चीन प्रवेशका लागि खुला गर्नुपर्ने । त्यसबेला माओ त्से तुङ नेतृत्वको चीनले अमेरिकाको तेस्रो शर्त अस्वीकार गरेको थियो । नेपालमा पृथ्वीनारायण शाहले पादरीहरूलाई देश निकाला गरेको तथ्य हाम्रासामु छँदैछ । चीनले अहिले पनि इसाई मिसनरीलाई 'आध्यात्मिक अतिक्रमणकारी' ठान्दछ ।

## एकेश्वरवाद, बुद्धवाद र धर्म

पुरोहित र सत्ता गठजोडद्वारा अपनाइएको धर्मको कर्मकाण्डी स्वरूपका विरुद्ध अध्यात्मवादीहरूकै उदार तत्वले चलाएको सुधारवादी चिन्तन नै एकेश्वरवाद हो । दशौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्म यसले आन्दोलनलाई उत्कर्षमा पुऱ्याएको थियो । सर्वप्रथम जैन धर्मको रूपमा एकेश्वरवाद अस्तित्वमा आयो । त्यसपछि तिर्थकरका रूपमा 'महिषि' को नाम आउँछ । चौवीसौँ तथा अन्तिम तिर्थकर 'महावीर' ले जैन धर्मलाई उत्कर्षमा पुऱ्याएका थिए । उनले भौतिक सुख त्याग गरेर कष्टकर जीवनयापन गरे । ईपू ५७६ मा नेपालमा बुद्धको जन्म भयो । गौतम बुद्धले एकेश्वरवादको व्यापक प्रचार गरे । उनले कर्मकाण्डी तथा पुरोहितवादको विरोध गरे । बुद्धको अहिंसाको प्रचारले व्यापक जनआकर्षण भएपछि हिन्दु धर्ममा साकाहारीको प्रचार भयो । त्यसपूर्व हिन्दु धर्ममा साकाहारी थिएनन् । ईश्वर केवल एक मात्र छन् र तिनको उत्तराधिकार छैनन् भन्ने धारणा नै एकेश्वरवाद हो; जसले राजा, मुल्ला, पादरी, लामा, पण्डित आदिको धार्मिक-सत्ता अस्वीकार गर्दछ । एकेश्वरवाद अध्यात्मवादकै उदारवादी धारा हो । त्यसैले धर्म र एकेश्वरवादका बीचमा हिंसात्मक झडप हुँदै आएको छ । सामन्ती सत्ताको दैवीय स्वरूपको विपक्षमा रहेका कारण यो धारा दमित छ ।

एकेश्वरवादीहरूले राजा, पुरोहित, सत्ता र ईश्वरको बीचमा कुनै नाता रहन्न भनेका थिए; जसका कारण धर्मको आडमा सत्ता र सत्ताधारी बौद्धिकवर्गले जनतामाथि गर्दै आएको आर्थिक, बौद्धिक शोषणप्रति गम्भीर प्रश्नचिन्ह उठ्यो । पुरोहितवाद, कर्मकाण्डी संस्कार अनैतिकताको आरोप झेल्न बाध्य भयो; जसका कारण पुरोहितवाद र सत्ताले एकेश्वरवादलाई अपराध घोषणा गरे । धार्मिक शोषण र उत्पीडनका कारण जनतामा ईश्वरप्रति नै वितृष्णा पैदा भएका कारण धर्मको नाममा भएको शोषण अन्त्य गरी ईश्वरभक्तिमा जनतालाई मुखरित गर्नु एकेश्वरवादीहरूको उद्देश्य थियो ।

कर्मकाण्डी विरोधी आन्दोलनलाई भक्ति आन्दोलन पनि भनिन्छ । एकेश्वरवादको नेतृत्व सन्तहरूले गरेका थिए । भारतमा कविर, गुरुनानक, तुकाराम, वैष्णववादी सन्तहरू पनि जोडिएका थिए । नेपालमा शुक्रराज शास्त्रीले एकेश्वरवादको प्रचार गरेका थिए । उनलाई कर्मकाण्डी राणाहरूले हत्या गरे । एकेश्वरवादले कर्मकाण्डवादको राजनीतिक चरित्र उदाङ्गो पारेको थियो । कर्मकाण्डवाद जनशोषणको राजनीतिक हतियार हो । धर्मको स्थानमा ईश्वरको सत्ता स्थापना गर्नु, आर्थिक-सामाजिक हैसियत फरक भए पनि सबै प्राणी बराबर हुन् भन्ने धारणा एकेश्वरवादीहरूले राखे । त्यसले जनताको सहानुभूति पायो । विभेदकारी कुलीनवर्ग त्यसप्रकारको धारणाबाट चिढियो । राजालाई ईश्वरको प्रतिनिधि मान्ने सबै प्राणीहरू समान ठान्ने एकेश्वरवादीहरू अर्थात् ईश्वरवादीहरू राजाज्ञा मान्न बाध्य थिएनन्; जसका कारण सामन्ती नाइकेहरूले ईश्वरवादीहरूलाई राजद्रोही घोषणा गरे । १९९७ मा नेपालमा शुक्रराज शास्त्रीलाई राणा शासनको विरोध गरेको भनेर मृत्युदण्ड दिइयो ।

एकेश्वरवाद कुनै भौतिकवादी धर्म विरोधी धारा होइन । यो अध्यात्मवादकै कट्टरता विरोधी उदारवादी धारा हो । राणा शासन विरोधी सहिद शुक्रराज शास्त्रीले भारतका एकेश्वरवादीहरूबाट प्रभावित भएर काठमाडौँमा 'समाज सुधार आन्दोलन' चलाएका थिए । राज्यसत्ताको मूल चरित्र र आर्थिक प्रश्नमा निकास नभएका कारण एकेश्वरवाद असफल भयो ।

## धर्म र कम्युनिस्ट नीति

कम्युनिस्टहरूले धर्मका सम्बन्धमा कस्तो नीति अपनाउने भन्ने सम्बन्धमा कुनै स्थिर मान्यता छैन । आम सामाजिक चेतनाको स्तर र क्रान्तिको चरणले त्यसको निरुपण गर्दछ । त्यसैले आजको सामन्तवाद-साम्राज्यवाद विरोधी नयाँ जनवादी क्रान्तिको चरणमा धर्मसम्बन्धी नीतिलाई निम्न तीन कोणबाट हेर्न सकिन्छ -

(क) कम्युनिस्टको हकमा- कम्युनिस्ट पार्टी र सङ्गठन भनेको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको वाहक धारा हो । त्यसैले कम्युनिस्टहरूलाई ऐतिहासिक भौतिकवादको अभियन्ता मानिन्छ । कम्युनिस्ट पार्टीको सदस्यता लिनका लागि विश्व दृष्टिकोणप्रति स्पष्टता र पक्षधरता अनिवार्य छ । अध्यात्मवाद विरोधी धारामा बसेर धर्म मान्नु नैतिक हुन सक्दैन ।। अध्यात्मवादप्रति विश्वास छ भने पुँजीवादी सामन्तवादी सङ्गठनमा रहनु नै जायज हुन्छ । त्यसैले कम्युनिस्ट पार्टीका सदस्यहरूले धार्मिक मूल्य, मान्यता, आदर्श छोडेर भौतिकवादप्रति आस्था राख्नु अनिवार्य छ । किरण भन्छन्, "मार्क्सवाद धार्मिक उत्पीडन, अन्धविश्वास र हस्तक्षेपको विरोधी मात्र होइन, अन्ततः धर्मकै विरोधी रहेको छ", (मार्क्सवादी दर्शन, पृ. ३४७, प्रगतिशील अध्ययन केन्द्र, २०६७) ।

(ख) राज्यको हकमा- नेपाल अहिले सामन्तवाद-साम्राज्यवाद विरोधी क्रान्तिको चरणमा छ । यस चरणमा कम्युनिस्ट राज्य, सरकार, राजकीय निकायहरू सबै तप्काका जनताको साझा संस्था भएकोले ती आस्तिक, नास्तिक या अन्य सबै विचार र समूहका जनताको साझा रहनुपर्दछ । तिनले सबैका भावनाहरूको उचित प्रतिनिधित्व गरेको हुनुपर्दछ । त्यसकारणमा धर्मबाट राज्यलाई अलग गरिनुपर्दछ । धार्मिक समुदायहरूले राज्यमा विचाराधारात्मक, राजनीतिक र आर्थिक हस्तक्षेप गर्न पाउनेछैनन् । त्यो जनताको आस्थाको छनोटको स्वतन्त्रतामा छोडिनुपर्दछ । लेनिनले भन्नुभएको छ, "राज्यबाट चर्चलाई अलग गर्नु, चर्चबाट विद्यालयलाई अलग गर्नु, व्यक्तिलाई मन परेको धर्म छान्न पाउने स्वतन्त्रता दिनु र जहाँसम्म राज्यको सम्बन्ध छ, (राज्यले) धर्मलाई व्यक्तिगत मामिला घोषणा गर्नुपर्दछ ।" बहुराष्ट्रियता, बहुजाति, बहुसंस्कृति, बहुधार्मिक देश नेपाललाई हिन्दु राज्य घोषणा गरेर राजतन्त्रात्मक नेपालमा अन्य जनसमुदायलाई धार्मिक कोणबाट आन्तरिक शरणार्थी बनाइएको थियो । भारतलाई धर्म निरपेक्ष देश घोषणा गरे पनि राज्य र शासकीय शक्ति केन्द्रहरूको हिन्दु धर्मप्रति पक्षधरता छ र अन्य धर्मप्रति राजनीतिक र आर्थिक भेदभाव छ । औपचारिक र कानुनी रूपमा भारत धार्मिक स्वतन्त्रता भएको देश हो तर सारतत्वमा अहिले पनि भारत हिन्दु देश नै बनिरहेको छ । सार्वजनिक पहल र शक्तिकेन्द्रहरूले धर्मप्रति पक्षधरता देखाउँछन् भने त्यो देशमा धार्मिक स्वतन्त्रता सम्भव छैन । राज्य र धर्मका बारेमा कार्ल मार्क्सको भनाइ छ, "जहाँसम्म राज्यको सम्बन्ध हो, धर्मलाई व्यक्तिगत मामिला मानिनुपर्दछ तर जहाँसम्म पार्टीको सवाल हो, हामीले धर्मलाई कुनै पनि हालतमा व्यक्तिगत मामिला मान्न सक्दैनौँ । धर्मसित राज्यको कुनै सरोकार हुनुहुँदैन र धार्मिक संस्थाहरूको पनि सरकारी सङ्गठनहरूसित कुनै प्रकारको सम्बन्ध हुनुहुँदैन ।" राज्य धर्म-निरपेक्ष रहनुपर्दछ । उसले धर्मप्रति स्वतन्त्र भूमिका (स्वेच्छिक) हुन सक्दैन । राज्यको ढुकुटी प्रयोग गरेर कुनै पनि राज्य धर्म-निरपेक्ष बन्न सक्दैनन् ।

(ग) जनताको हकमा- जनतालाई वैयक्तिक आस्थाका विषयमा दबाब वा बाध्य पार्न सकिन्न । धर्म मान्ने वा नमान्ने दुवै हक जनतामा निहीत छ । धार्मिक सत्ताधारीहरूले भौतिकवादमाथि हमला गरिरहेका छन् । उनीहरू भौतिकवादी हुनु अज्ञानी र अनैतिक कार्य हो भनी जनमत निर्माण गर्छन् तर नैतिकता र ज्ञान वर्ग-सापेक्ष विषय हुन् । शोषकवर्गको सत्य र नैतिकता श्रमिकवर्गको लागि भ्रम र अनैतिकता हुन गर्छ । धर्मको नाममा हुने आर्थिक शोषण, अन्धविश्वासको प्रसार, भेदभाव, छुवाछूत, सार्वजनिक सम्पत्तिको दुरुपयोग भने राज्यद्वारा नियन्त्रित गरिनुपर्दछ ।

धर्मको सम्बन्धमा कम्युनिस्ट नीति भनेको सारांशमा, कम्युनिस्टको हकमा भौतिकवाद, राज्यको हकमा धर्म निरपेक्षता र जनताको हकमा धार्मिक स्वतन्त्रता' नै हो । यो पुँजीवादी जनवादी क्रान्तिको चरणका लागि अर्थात् पुँजीवादबाट समाजवादमा सङ्क्रमणकालीन अवधिका लागि धर्मसम्बन्धी कम्युनिस्ट धारणा हो । समाजवादी क्रान्तिको चरणमा धार्मिक स्वतन्त्रता आवश्यक र उचित दुवै हुँदैन । समाजवादी चरणमा धर्मको नाममा हुने शोषणको अन्त हुने, आम सामाजिक चेतना भौतिकवादी हुने, जनताको बहुमत भौतिकवादी चेतनाले समृद्ध बन्नेछ । त्यसप्रकारको समाजको नेतृत्व गर्ने राज्यले भौतिकवादको रक्षक र प्रवक्ता बन्नैपर्दछ ।

## सारांश

धर्मको चरित्र जनविरोधी भए पनि जनताको हृदयमा त्यसको प्रवेश भएपछि त्यो आस्था र विचारको प्रश्न बन्दछ । आस्था, भावना र वैचारिक प्रश्नको समाधान बल प्रयोगद्वारा सम्भव छैन । अझ जनतासँगका सम्बन्धित प्रश्नहरूको समाधान त झनै संवेदनशील प्रश्न हुन् । विज्ञानका उपलब्धिहरू सबैमा लागु हुन्छन् तर त्यसको लागु हुने स्तर, स्थान र समयावधिमा विविधता हुन्छ । धार्मिक भावना जनतामा प्रवेश गरेपछि त्यसबाट पृथक हुन निश्चित भौतिक आस्थाहरू आवश्यक हुन्छन् । त्यसैले कार्ल मार्क्सले धर्मलाई 'अफिमको नसा' भन्नुभएको थियो । क्रान्तिको माध्यमबाट जीवनका भौतिक आस्थाहरूमा अर्थात् उत्पादक शक्ति र उत्पादन सम्बन्धमा सामाजिक सम्बन्धमा, जीवन-पद्धतिमा, जीवनयापनका साधनहरूमा परिवर्तन भएपछि मान्छेको आस्था, विचार, विश्वदृष्टिकोण र चिन्तनमा पनि परिवर्तन आउन थाल्दछन् । त्यसका लागि निश्चित पुस्ता र प्रक्रियाबाट गुज्रनैपर्दछ । मानिसका भौतिक आस्थाहरूमा परिवर्तन नआई समय गुजार्दैमा अर्थात् सचेतन प्रयत्नबिना त्यसको गति अति नै धिमा हुनेछ । त्यसप्रकारको कष्टसाध्य प्रक्रियाबाट गुज्रिँदै गएर मात्र धार्मिकता, आध्यात्मिकताको स्थान भौतिकवादले लिनेछ । धर्म नामको विष-वृक्षका पोथ्रा-पोथ्रामा विज्ञानरूपी तेजाब नछर्की त्यसको मृत्यु सम्भव छैन ।

धर्मको मामिलामा गर्नुपर्ने तात्कालिक (कार्यनीतिक) कार्य भनेको धार्मिक कट्टरताका विरुद्ध सुधारवादी कार्य हो । समाज विकासको निश्चित चरणमा त्यो काम एकेश्वरवादीहरूले गरेका थिए । धार्मिक कार्यमा हुने आर्थिक बोझ र शोषणलाई न्यूनीकरण गर्नु यस क्षेत्रको अर्को कार्यभार हो । दान, दक्षिणा, यज्ञ, पूजापाठ, बली, भाकल, भोज आदिमा ठूलो आर्थिक दुरुपयोग र शोषण भइरहेको छ । त्यसलाई पूर्ण निषेध सम्भव नभए पनि नियन्त्रण सम्भव छ ।

द्रष्टव्य :

(१) कार्ल मार्क्स/फ्रेडरिक एङ्गेल्स, सङ्कलित रचना सङ्ग्रह, खण्ड २०, पृष्ठ ३२८ लेनिन सङ्कलित रचनाएँ, (दश खण्डो मे) खण्ड ३, पृष्ठ २४८, प्रगति प्रकाशन मस्को, १९८१ ।

## जेल सिर्जना

# सडक र बालुवाटार



अनिल शर्मा

यस बेला सडक
ज्वालामुखी भएको छ
बस्तीहरू/गल्लीहरू/सडकहरू
एकातिर उम्लिरहेका छन्
अर्कोतिर
लगलगी कामिरहेको बालुवाटार छ
बालुवाटारलाई हरेक रात ऐँठन हुन्छ
र सडकको भीड देखेर तर्सिन्छ
हरेक साँझ बालुवाटार
कुखुराचोर स्यालझैँ
लैनचौरको परिक्रमा गर्छ
र बन्दुकको घेराभित्र पसेर
रत्नपार्कको जुगलाझैँ गर्जन्छ ।

आजभोलि बालुवाटार
रातो रङको 'फोबिया' ले ग्रसित छ
रातो सूर्य/रातो गुराँस/रातो रगत
रातम्मे छ जगत्
तर बालुवाटार
रातो आँधीबाट भयभीत छ ।
बालुवाटार
पुराना चमेराको थोत्रो कोट भिरेर
'समृद्ध देश, सुखी जनता' नारा उराल्छ
म नारा सुनिरहन्छु
बालुवाटार कर माग्छ/कुखुरा चोर्छ
र डाँकाहरूको दैलोदैलो पुगेर
हरेक दिन कमण्डलु थाप्छ
भिखारी/चोरी/डकैती
रूप बदलिरहन्छ
हुँडारझैँ दौडिरहन्छ-
लैनचौर/सिङ्गापुर/न्युयोर्क
र बालुवाटार
वैदेशिक रोजगार
अर्थात् नयाँ दासको खेती गर्छ
भाडाको सिपाही उमारिरहन्छ
उनीहरूको रगत पिउँछ
र काठमाडौँको रात्री क्लबमा
'होली वाइन' पिएर मात्तिन्छ ।

हिजो बालुवाटार
नमिता-सुनीताको सिकार गर्थ्यो
लोकतान्त्रिक बालुवाटार
निर्मलाको सिकार गर्छ
र बर्बराउँछ- शान्ति, समृद्धि र विकास ।
यो हाप्सिलो रोएको हो कि ?
किचकन्या वाणी हो ??
भ्रमित भएको छ सडक ।

काठमाडौँको मझेरीमा
गल्ला पसल अर्थात् सिंहदरबार छ
जहाँ सिकारीहरू
सेयर बजार चलाउँछन्
र सडक हेरेर भन्छन्-
अर्को सैतान/अर्को माओवादी/अर्को महाप्रलय
बालुवाटार र सिंहदरबारलाई
रातो फोयिबा भएको छ
सडक झन्झन् रातम्मे भएको छ ।

## ११ विद्यार्थी संगठन ...

सरकारले एकपछि अर्को फासिवाद लादन खोजेको र त्यसविरूद्ध आगो दन्काउने चेतावनी दिएका छन् । नविसंघका पूर्व उपाध्यक्ष ऋषिकेश जंग शाहले वर्तमान सरकारले संविधान विरूद्ध हुने गरेर विदेशिको इसारामा नेकपालाई प्रतिबन्ध लगाएको जिकीर गरे । शाहले जर्वजस्त देशलाई युद्धमा धकेल्ने षड्यन्त्र रचेको र लोकतन्त्र मास्न लागेको भन्दै, त्यसलाई खारेज गर्न आम युवालाइ सडकमा आउन आह्वान गरे ।

अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले हालै गिरफ्तार गरिएका विप्लव नेतृत्वको नेकपा निकट विद्यार्थी संगठनका अध्यक्ष चिरन्जीवि ढकाललाई तत्काल रिहा गर्न माग गरे । अध्यक्ष गजुरेलले शिक्षा क्षेत्रमा भएको विकृति विरुद्ध सबै विद्यार्थी संगठन एक हुन र आन्दोलित हुन आह्वान समेत गरे । त्यसैगरी,अखिल क्रान्तिकारीका अध्यक्ष आलोक रायमाझीले दलाल सत्ताको विरुद्ध अन्तिम समयसम्म लडिरहने उद्घोष गरे ।

रायमाझीले शिक्षा र स्वास्थ्यमा माफियाकरण गर्ने दलालहरुलाई रत्नपार्कमा लगेर पछार्ने चेतावनी दिए । सरकारको फासिवाद, भ्रष्टाचार, राष्ट्रघात विरुद्ध जनता चाडै सडकमा उत्रन बाध्य नपार्न चेतावनी पनि दिए ।त्यसैगरी विप्लव निकट विद्यार्थी संगठन (अखिल क्रान्तिकारी)का सचिबालय सदस्य मिलन राइले वर्तमान सरकार लुटेराहरुको जमात भएको आरोपलगाउँदै, क्रान्तिकारीका लाखौं युवाहरुलाई जनमुक्ति सेनामा भर्ति हुन बाध्य नपारियोस भने ।

साथै राइले आफ्नो विद्यार्थी संगठन अध्यक्ष चिरन्जीवि ढाकाललाई तत्काल रिहा नगरिए कडा प्रतिरोध गर्ने चेतावनी समेत दिए । कार्यक्रमा अनेरास्ववियु पाँचौका अध्यक्ष घनस्याम मिश्र, नयाँ शक्ति विद्यार्थी युनियन अध्यक्ष स्यामबाबु गौतम, राष्ट्रिय विद्यार्थी संघका महासचिब रन्जित मिश्र, अखिल नेपाल विद्यार्थी युनिनका अध्यक्ष प्रविण मिश्र लगायतका ११ विद्यार्थी संगठनका नेताहरुले वर्तमान सरकारले दुइतिहाइको दम्भले देशलाई खतरामा पार्न खोजेको भन्दै त्यसप्रति खरो उत्रने बताए ।

अखिल क्रान्तिकारी केन्द्रीय सदस्य तथा बाँके जिल्ला अध्यक्ष मदन चन्दलाई कार्यक्रम स्थलबाटै प्रहरीले गिरफ्तार गरेको छ ।

बोल्नेवक्ताहरुले ओलिसरकारलेनेकपामाथिको गैरकानूनी प्रतिबन्ध, प्रेस स्वतन्त्रतालाई कुन्ठित गर्ने र भ्रष्टाचार र राष्ट्रघातलाई संस्थागत गर्न लागेको आरोप लगाएका छन् ।

## विधेयक पूर्ण रुपले ...

गरेका गलत काम, भ्रष्टाचार, कालोबजारी, जग्गा दलाली, जनतन्त्र र राष्ट्रघातका विरुद्ध पत्रिकाहरूले लेखन थालेपछि केपी–पीके सरकारले सञ्चारमाध्यमहरूलाई नियन्त्रण गर्नका लागि विभिन्न कानुन र ऐनको सिर्जना गर्दै गएको छ । कहिले साइबर क्राइम भन्दै पत्रकार गिरफ्तार गरिरहेको छ । कहिले सरकारविरोधी समाचार लेखेको नाममा यातनासम्म दिने गरेको छ । यो विधेयक पारित भएमा सरकारका विरुद्ध लेख्ने पत्रकारलाई नगद एक करोडसम्म र जेल सजायँ दिनसक्ने प्रावधान राखिएकाले पनि सञ्चार क्षेत्र त्रसित हुनु स्वाभाविक हो । आफूलाई लोकतन्त्र र प्रेस स्वतन्त्रताको वकालत गरेर नथाक्ने केपी सरकारको यस्तो रवैयाका विरुद्ध हामीसहित चार पार्टीहरूले सङ्घर्षको घोषणा गरिसकेका छौं । त्यही क्रममा पछिल्लो समयमा स्वतन्त्र पत्रकारितामाथि सरकारको ठाडो नियन्त्रणमा राख्ने गरी ल्याइएको यो विधेयकको हाम्रो पार्टी पूर्ण खारेजीको माग गर्नुका साथै अहिले उक्त विधेयकका विरुद्ध राजनीतक पार्टीहरू, पत्रकार महासङ्घसहितले गरेको आन्दोलनप्रति पूर्ण समर्थन गर्नुका साथै ऐक्यबद्धता व्यक्त गर्दछ । साथै सम्बन्धित पक्षलाई आन्दोलनमा उत्रिन पनि निर्देशन गर्दछ ।'

उक्त विधेयकका विरुद्ध ५ पार्टीले बुधबार दिउँसो रत्नपार्क शान्तिवाटिकामा खुला अन्तर्क्रिया आयोजना गरेका छन् । उक्त कार्यक्रममा विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), ऋषि कट्टेलले नेतृत्व गरेको नेकपा, गोपाल किराँतीले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र), सीपी गजुरेलले नेतृत्व गरेको वाम तथा देशभक्त मोर्चाका प्रतिनिधिलगायत सरोकारवालाहरूले बोल्ने भएका छन् ।

## मिडिया काउन्सिल ...

मिडियालाई सिध्याउने गरी ल्याइएको मिडिया काउन्सिल विधेयकले मिडिया हेर्ने निकायका सबै मान्छे सरकारले नियुक्ति गर्ने प्रावधान राखेर सरकार आफूले गल्ती नै गरेको बखत पनि गुनगान गाउनुपर्ने र भ्रष्टाचारलाई थप प्रश्रय दिने कामबाहेक केही नगर्ने भण्डारीले बताए । विधेयक तत्काल फिर्ता लिएर जनताका पक्षमा उभिन उनले सरकारसँग आग्रह गरे । 'पत्रकारिता क्षेत्रबाट गएका विभागीय मन्त्रीबाटै मिडियाविरोधी विधेयक ल्याइनु बडो रहस्यमय छ । उनले प्रतिशोध साध्न त यो विधेयक ल्याएका हैनन् ?', भण्डारीले प्रश्न गरे । कानुन नबनाई राजनीतिक पार्टी विप्लव नेतृत्वको ने.क.पा.माथि प्रतिबन्ध लगाएर सरकारले गल्ती गरेको पनि उनले बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष डा. सुरेश आचार्य, अधिवक्ता सुनीलरञ्जन सिंह, जनपत्रकार सङ्गठन नेपालका अध्यक्ष प्रकाश ढुम्रे, प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य र समाजवादी पार्टीकी केन्द्रीय सदस्य भगवती सुवेदीले सरकारले ल्याएको मिडिया काउन्सिल विधेयक र विप्लव नेतृत्वको नेकपामाथिको प्रतिबन्ध खारेज गर्न माग गरे ।

क्रान्तिकारी पत्रकार महासङ्घका अध्यक्ष इन्द्र राउतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल प्रेस सोसाइटीका अध्यक्ष केशव अर्यालले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा जनपत्रकार सङ्गठन काठमाडौँ जिल्ला संयोजक जितेन्द्र महर्जनलाई मोहन वैद्य किरणलगायत अतिथिले सम्मान गरेका थिए ।

## नेता जीवन्तलाई ...

गर्नुको कारणसहित बन्दीलाई उपस्थित गराउन आदेश दिएको हो । रिट निवेदकका पक्षमा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखेल र अधिवक्ता कान्तिराम ढुङ्गानाले बहस गरेका थिए ।

काठमाडौँ जिल्ला अदालतले गत वैशाख ३० गते साधारण तारेखमा रिहा गर्न सरकारलाई आदेश दिएलगत्तै रिहा भएका नेता कार्कीलाई अदालत परिसरबाटै पुनः गिरफ्तार गरी सुनसरी जिल्लामा पुऱ्याइएको थियो । उनलाई हाल सुनसरीको धरानस्थित प्रहरी हिरासतमा राखिएको छ ।

उनलाई सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको चौथो दिन चैत १ गते ललितपुरको च्यासलस्थित कोठाबाटै गिरफ्तार गरेको थियो । उनलाई महानगरीय प्रहरी काठमाडौँ परिसर टेकुको हिरासतमा राखी राजद्रोह र सङ्गठित अपराधको मुद्दा लगाइएको थियो । तर चैत २४ गते सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण रिटमाथि सुनवाइ गर्दै नेता जीवन्तमाथि लगाइएको अभियोग पुष्टि नभएको भन्दै तत्काल रिहा गर्न सरकारका नाममा आदेश दिएको थियो ।

त्यसलगत्तै अदालत परिसरबाटै पुनः गिरफ्तार गरी प्रहरीले उनलाई सङ्खुवासभा लगी 'मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ को परिच्छेद ३ को दफा ३२' अन्तर्गत कसुरमा मुद्दा चलायो । त्यसपछि पनि अदालतकै आदेशमा रिहा भएका नेता जीवन्तलाई प्रहरीले गिरफ्तार गरी सङ्गठित अपराध तथा विस्फोट र राजद्रोहको अभियोगमा काठमाडौँको कमलपोखरी प्रहरी वृत्तको हिरासतमा बन्दी बनाई मुद्दा चलायो । काठमाडौँ जिल्ला अदालतले वैशाख ३० गते साधारण तारेखमा रिहा गर्न सरकारलाई आदेश दिएको थियो ।

तर उनलाई अदालत परिसरबाटै पुनः गिरफ्तार गरी सुनसरी जिल्ला पुऱ्याइएको हो । कार्कीमाथि साबिकजस्तै सङ्गठित अपराध तथा विस्फोट, राजद्रोह र हातहतियार तथा खरखजाना कसुरमा मद्दा चलाइएको छ ।

## नेपालीको दुर्दशा ...

भाषा बोल्न आउँदैन, बरु हिन्दी भाषा प्रस्ट बोल्न सक्छौँ । हाम्रा बच्चाहरूलाई अहिलेसम्म नेपाली किताब कस्तो हुन्छ थाहा छैन, पढ्न पाउनुको त के कुरा ?', उनले भने, 'हाम्रो सिमाना सडकले छुट्याइदिएको छ । सडकवारि नेपालपारि भारत पर्छ । स्कुल पनि हाम्रो बस्तीदेखि नजिकै छ जसले गर्दा सबै बच्चाहरू भरतमा पढ्न जान्छन् ।'

ती बच्चासँग हाम्रो देशको प्रधानमन्त्रीको नाम के हो ? भनेर प्रश्न गर्दा नरेन्द्र मोदी भन्दै जबाफ दिन्छन् । उनीहरूलाई राष्ट्रिय गीत गाउन लगाउँदा भारतीय राष्ट्रिय गीत गाउने गरेको बताउँछन् । उनीहरू नेपालको भन्दा पनि भारतका बारेमा बढी जानकार छन् ।

हौसलपुर र बेलापरसुवा गाउँको बीचमा पक्की बाटो छ । हौसलपुरका विद्यार्थी बेलापरसुवा पढ्न जान्छन् । त्यहाँ कक्षा ८ सम्म पढाइ हुन्छ । त्योभन्दा माथि बेलराया, लखनउ, पलिया, लखिमपुर बढाउनुपर्ने बाध्यता रहेको स्थानीय विक्रम चौधरी भन्छन् ।

उनी भन्छन्, 'हौसलपुरमा २८ घरधुरी छौँ । स्थानीय सरकार हुनुभन्दा पहिला नेपालबाट हाम्रो बस्तीमा कोही नेपाली आउँदैनथे । हाम्रो बस्तीमा नेपाली मान्छे भेटघाट गर्न आएको पहिलोपटक स्थानीय चुनावमा हो जुन बेलादेखि नेपाली नेता, नेपाली पत्रकारहरूसँग भेट भयो ।'

३० वर्षीया आशिकी चौधरी भन्छिन्, 'बेलापरसुवामा पनि त्यति राम्रो पढाइ छैन जसले गर्दा मैले ९ वर्षीया छोरी दिव्यान्सीलाई देवरसँग लखनउ पढ्न पठाएकी छु ।' हाल दिव्यान्सी शारदा पब्लिक स्कुलमा कक्षा ३ मा पढ्छिन् । उनलाई मातृभाषा पनि बोल्न आउँदैन तर हिन्दी फरर बोल्छिन् ।

हौसलपुरका बासिन्दाहरू आफ्नो बस्तीमा एउटा स्कुलको माग गरिरहेका छन् । उनीहरू आफ्नो बच्चालाई सानैदेखि नेपाली बोल्न सक्ने भएको देख्न चाहन्छन् ।

उनी भन्छिन्, 'त्यति मात्रै होइन, सडकपारि बेलापरसुवामा विद्युत् छ तर वारि हौसलपुर विद्युत् पनि छैन बाटो पनि कच्ची छ । भौतिक विकासले पनि हाम्रो बस्तीका समुदायहरूमा मानसिक असर पारिरहेको हुन्छ ।' कुनै बेला हामीलाई धेरै गाह्रो हुन्छ । हामीलाई नेपालको कानुनबारे केही जानकारी छैन । भारतको कानुन हाम्रोमा लागू हुँदैन जसले गर्दा केही अप्ठ्यारो भएको खण्डमा चुप लाग्नुबाहेक कुनै विकल्प हुँदैन ।

नेपाल सरकारले हौसलपुरका बासिन्दालाई नेपालीको अपनत्व गराउन बस्तीमा स्कुल, स्वास्थ्य केन्द्र, शुद्ध खानेपानी, विद्युत् र कानुनी परामर्श केन्द्र स्थापना गर्न जरुरी छ । बस्तीका समुदायहरूले भारतसँग मितेरी गाँसेर नेपाली भूमि त जोगाए तर भारतीय समुदायको व्यवहारले मानसिक रूपमा खेप्दै असरबारे नेपाल सरकारले सोच्नैपर्ने देखिन्छ ।

## नेकपा भेरी ...

यमराजलाई मङ्गलबार प्रहरीले बिनाकारण सुर्खेतबाट गिरफ्तार गरेको जानकारी प्राप्त भएको छ ।

सुर्खेतको भेरी उत्तरगङ्गा नगरपालिका ५ भजेनीबाट बिहान ९ बजे घरमा बसिरहेको बेला नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा भेरी ब्युरो इन्चार्ज शीतल र सुर्खेत जिल्ला सेक्रेटरी यमराजलाई प्रहरीले गिरफ्तार गरेको बताइएको छ । उनीहरु दुवैजनालाई जिल्ला प्रहरी कार्यालय वीरेन्द्रनगर सुर्खेतमा राखिएको बुझिएको छ ।

### इलाम इन्चार्ज विजय दर्नाल गिरफ्तार

नेकपा इलामका इन्चार्ज विजय दर्नाल 'सर्वश्रेष्ठ' लाई प्रहरीले सोमबार साँझ झापाको बिर्तामोडबाट गिरफ्तार गरेको छ । प्राप्त जानकारीअनुसार दर्नाललाई सादा पोसाकका प्रहरीले गिरफ्तार गरेर बेपत्ता बनाएका छन् ।

नेकपा मेची ब्युरो संयोजक प्रकाशले पार्टीका ब्युरो सदस्य एवम् इलाम जिल्ला इन्चार्ज सर्वश्रेष्ठलाई तत्काल बिनासर्त रिहा नगरिए त्यसको उचित जवाफ दिने विज्ञप्तिमार्फत जनाएका छन् । दलाल पुँजीवादविरुद्ध सङ्घर्षरत पार्टीका नेता-कार्यकर्तालाई बिनाकारण गिरफ्तार गर्नु सरकारले आफ्नो टाउकामा आफैँले बन्चरो हान्नुबराबर हो भन्दै प्रकाशले विज्ञप्तिमा जनताको हकअधिकारका लागि बलिदान दिनसम्म तयार भएर हिँडेका क्रान्तिकारीहरुले सरकारी कामकारबाहीको डटेर सामना गर्ने जनाएको छ ।

# अखिल (क्रान्तिकारी) का अध्यक्ष ढकाल रिहा

## प्रहरीले पुनः गिरफ्तार गर्न खोज्दा झडप, चार कानुन व्यावसायी घाइते

काठमाडौँ : अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाल रिहा भएका छन् । गत वैशाख २७ गते शुक्रबार ११ विद्यार्थी सङ्गठनको संयुक्त पत्रकार सम्मेलनबाट गिरफ्तार अध्यक्ष ढकाल रिहा भएका हुन् ।

शुक्रबार काठमाडौँ जिल्ला अदालतले थुनछेकको बहसपछि ढकाललाई साधारण तारेखमा रिहा गरेको हो । काठमाडौँ जिल्ला अदालतका न्यायाधीश मोहनराज भट्टराईको इजलासले उनलाई रिहा गर्न आदेश दिएको थियो । तर ढकाल जिल्ला अदालत काठमाडौँको आदेशले छुटेलगत्तै प्रहरीले पुनः पक्राउ गर्न खोजेपछि अदालत परिसरमै झडप भएको थियो । काठमाडौँ जिल्ला अदालत परिसरमा प्रहरी र कानुन व्यवसायीबीच झडप भएको हो । ललितपुर जिल्ला बार एसोसिएसनका कार्यसमिति सदस्यसमेत रहेका ढकाललाई जिल्ला अदालत काठमाडौँले साधारण तारेखमा रिहा गर्न आदेश जारी गरेको थियो ।

प्रहरीले ढकाललाई पुनः पक्राउ गर्न खोजेपछि कानुन व्यवसायीले पक्राउ गर्नुपर्ने कारणसहितको पक्राउ पुर्जी दिएर मात्रै पक्राउ गर्न भन्दै माग राखेपछि प्रहरीले धरपकड गरेको थियो । त्यस क्रममा चारजना कानुन व्यवसायी घाइते भए । प्रहरी र कानुन व्यवसायीबीच केहीबेर धकेलाधकेलसमेत भएको थियो । कानुन व्यवसायीको विरोधका बीच प्रहरीले उनलाई पुनः गिरफ्तार गर्ने प्रयास गरेको थियो ।

राजनीतिक आस्था र विचारका आधारमा कसैलाई पनि पक्राउ गर्न नपाइने आदेशमा उल्लेख छ । प्रहरीले ढकालविरुद्धको मुद्दा बिहीबार अदालतमा दर्ता गरेको थियो । शुक्रबार थुनछेकसम्बन्धी बहस भएको हो ।

विद्यार्थी नेता तथा अधिवक्ता ढकालका पक्षमा नेपाल बार एसोसिएसनका उपाध्यक्ष ईश्वरीप्रसाद भट्टराई, महासचिव लीलामणि पौडेल, वरिष्ठ अधिवक्ता एकराज भण्डारी, नेपाल बार एसोसिएसनका सदस्य तथा अधिवक्ता भीमसेन बन्जाडा, अधिवक्ता कपिलचन्द्र पोखेल, अधिवक्ता कान्ति ढुङ्गानालगायत १६ जनाले बहस गरेका थिए ।

त्यसअघि ढकाललाई गैरन्यायिक रूपमा गिरफ्तार गरेको भन्दै रिहा गर्न माग राखी वैशाख ३१ गते ११ विद्यार्थी सङ्गठनका तर्फबाट नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी) का कोषाध्यक्ष विनोद सुनामले सर्वोच्च अदालतमा दिएको बन्दी प्रत्यक्षीकरणको मुद्दामा सुनुवाई गर्दै सर्वोच्चले जिल्ला अदालतमा मुद्दा दायर भइसकेको भन्दै आदेश जारी गरेपछि जिल्ला अदालतले बहसपछि साधारण तारेखमा रिहा गरेको हो ।

ढकाललाई रिहा गर्न माग गर्दै नेपाल विद्यार्थी सङ्घ, नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी), गोपाल किराँती नेतृत्वको नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी), अनेरास्ववियू (पाँचौँ), नयाँ शक्ति विद्यार्थी युनियन, अखिल नेपाल विद्यार्थी युनियन, राष्ट्रिय विद्यार्थी सङ्घ, समाजवादी विद्यार्थी फोरम नेपाल, राष्ट्रवादी विद्यार्थी सङ्घ, नेपाल आदिवासी जनजाति विद्यार्थी महासङ्घ आन्दोलित बनेका थिए ।

# पाँचथरमा ९ जनाको सामूहिक हत्या !



पाँचथर : जिल्लाको मिक्लाजुङ गाउँपालिका ३, आरुबोटेमा दुई परिवारका ९ जनाको बीभत्स हत्या भएको छ भने एक बालिका घाइते भएकी छिन् ।

हत्या गरिएका दुई परिवारका ९ जनामा ३६ वर्षीया जस्मिता फियाक, ४१ वर्षीय धनराज शेर्मा, २६ वर्षीया मनकुमारी फियाक, ६ वर्षीया इक्सा शेर्मा, १३ वर्षीया योवना शेर्मा, ८ वर्षीया मुना शेर्मा, ७४ वर्षीय बमबहादुर फियाक, नाम पहिचान नभएकी बमबहादुरकी श्रीमती र १२ वर्षीया आशिका खजुम लिम्बू रहेको समाचारमा जनाइएको छ । १२ वर्षीया सीता खजुम भने भागेर बाँच्न सफल भएकी छिन् । उनी पनि गम्भीर घाइते छिन् । मध्यरातमा भएको घटना स्थानीय बासिन्दाले मङ्गलबार बिहान मात्रै थाहा पाएका थिए । घाइते सीताले स्थानीय बासिन्दालाई दिएको जानकारीअनुसार मुखुण्डो लगाएर आएको समूहले धारिलो हतियार प्रहार गरी सबैको हत्या गरेको थियो ।

घटनास्थल दशमीबजारमा रहेको प्रहरी बिहान ६ बजे मात्र पुगेको थियो । घटनास्थलतर्फ इलाका प्रहरी कार्यालय रवि र जिल्ला प्रहरी कार्यालयको टोली पनि लागेको जनाइएको छ । उक्त बीभत्स र क्रूर हत्या कसले, किन गऱ्यो भन्नेबारे केही खुलेको छैन ।

मुलुकमा शान्तिसुरक्षाको अवस्था कमजोर भइरहेको अवस्थामा भएको यो सामूहिक, पाशविक र क्रूर हत्याले सरकारका गतिविधिमाथि प्रश्नचिह्न उठाएको छ । विखण्डनकारीसँग घाँटी जोड्ने र देशभक्तहरुमाथि प्रतिबन्ध लगाएर देशद्रोहको मुद्दामा जेलमा कोच्ने वर्तमान सरकार जनताप्रति असंवेदनशील भएकै कारण सबैतिर असुरक्षा बढिरहेको टिप्पणी सर्वत्र सुनिन लागेको छ । निर्मला पन्तका बलात्कारी र हत्यारा पत्ता लगाएर कारबाही गर्नमा सरकार उदासीन रहेको समयमा भएको यस्तो पाशविक हत्याकाण्डका अपराधीलाई सरकारले तत्काल पत्ता लगाएर कारबाही गर्छ कि गर्दैन ? सर्वसाधारण चिन्तासहित गुनासो गरिरहेका छन् ।


## तारकेश्वर नगरपालिकाको विशेष अनुरोध

- नगरपालिकामा घर निर्माण कार्य गर्दा राष्ट्रिय भवन संहिता अनुरूप मापदण्ड २०७२, पुरा गरी नक्सा पास/स्विकृत गरेर मात्र घर निर्माण गरौं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई नि:शुल्क दर्ता गरौं ।
- आफुले बुझाउनुपर्ने मालपोत कर, घरजग्गाकर लगायतका कर राजस्वहरू समयमै सम्बन्धित कार्यालयमा बुझाई जरीवानाबाट बचौं ।
- आफ्नो घर, टोल र नदी सरसफाईमा सबैले आ–आफ्नो तर्फबाट सक्दो सहयोग सहभागिता जनाई स्वच्छ र सफा नगरपालिका बनाउन योगदान गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर तथा आंगनबाट उत्पन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरी सफा सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

तारकेश्वर नगरपालिकाको कार्यालय
काठमाडौं

## समाचार

# नेकपाका गुल्मी सेक्रेटरी खड्का रिहालगत्तै पुनः गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका गुल्मी जिल्ला सेक्रेटरी खिमबहादुर खड्कालाई प्रहरीले पुनः गिरफ्तार गरेको छ।

चैत १५ गते गुल्मीबाट खड्कालाई गिरफ्तार गरी लगातार गैरकानुनी रूपमा हिरासतमा राखेको ठहर गर्दै सर्वोच्च अदालतले आइतबार रिहा गर्न नेपाल सरकारका गृह मन्त्रालयका नाममा आदेश दिएको थियो।

अदालतको आदेशलगत्तै खड्कालाई सर्वोच्च अदालतको गेटबाटै पुनः गिरफ्तार गरी अर्घाखाँची लगिएको छ। गुल्मी प्रहरीको हिरासतमा गैरकानुनी थुनामा राख्ने गुल्मी जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयलाईसमेत आदेशको जानकारी दिन आदेश भएको थियो तर खड्कालाई अर्घाखाँची पुऱ्याइयो।

रिहाइको आदेश सर्वोच्च अदालतका न्यायाधीश डा. आनन्दमोहन भट्टराई र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले दिएको हो। खड्कालाई बिनाकारण गिरफ्तार गरी गैरकानुनी ढङ्गबाट हिरासतमा राखिएको भन्दै रिहाइको मागसहित सर्वोच्चमा बन्दी प्रत्यक्षीकरण रिट निवेदन दायर गरिएको थियो

# शिक्षक सङ्गठनले गऱ्यो सरकारको भर्त्सना

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल शिक्षक सङ्गठनका महासचिव रमेश रूपाखेतीले सोमबार विज्ञप्तिमार्फत शिक्षकहरूको अनशनप्रति सरकारको गैरकानुनी कार्यप्रति घोर भर्त्सना गरेका छन्।

विज्ञप्तिमा 'अस्थायी शिक्षकहरू विभिन्न माग राखी २०७६ वैशाख २० गतेदेखि शान्तिवाटिकामा अनशन बसिरहेको अवस्थामा शिक्षकहरूका जायज माग सम्बोधन गरी समस्याको समाधान खोज्नुपर्नेमा उल्टो प्रहरी लगाई बल प्रयोग गरी आफूलाई गणतन्त्रको दुहाइ दिने दुई तिहाइको वामपन्थी भन्ने सरकारले पञ्चायतलाई माथ गर्ने तरिकाबाट अनशन स्थलमा हस्तक्षेप गरी शिक्षक गिरफ्तार गरेकोप्रति अखिल नेपाल शिक्षक सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ' भनिएको छ।

आफूलाई अब्बल गणतन्त्रको दुहाइ दिने सरकारले नै नेपालको संविधानको भाग ३ को धारा १७ र ३४ बाट प्रदत्त अधिकारको उल्लङ्घन गरेको हुँदा सरकारको गैरकानुनी कार्यको भर्त्सना गर्दै गिरफ्तार शिक्षकहरूको रिहाइ तथा अनशनरत शिक्षकहरूको जीवनरक्षाका लागि अविलम्ब वार्ता गर्न र सरकारले देशैभरि शिक्षकहरूमाथि गरेको गिरफ्तारी, दमन, झूट्टा मुद्दा लगाउने कार्य बन्द गरोस् भन्ने विज्ञप्तिमार्फत आह्वान गरिएको छ।

'गिरफ्तार शिक्षकहरूको रिहाइ, घाइतेको उपचार तथा अनशनरत शिक्षकहरूको जीवनरक्षा र सुरक्षाको जिम्मासमेत सरकारले लिँदै अविलम्ब सर्वपक्षीय वार्ताको वातावरण तयार गरी वार्ता प्रारम्भ गर्नसमेत शिक्षा मन्त्रालयमार्फत सरकारको ध्यानाकर्षण गराउँछौँ। साथै सरकारी दमनबाट विचलित नभई आफ्ना माग पूरा गराउनेतर्फ आन्दोलनरत शिक्षकहरूलाई अघि बढ्नसमेत आह्वान गर्दछौँ', रूपाखेतीको विज्ञप्तिमा उल्लेख छ।

'सरकारले गैरकानुनी रूपमा गरेको दमनप्रति मानवअधिकार आयोग, पत्रकार तथा शिक्षा क्षेत्रमा सरोकार राख्ने सबैको ध्यानाकर्षण गराउँदै शिक्षकहरूका जायज माग पूरा गरी आफैँले घोषणा गरेको विद्यालय शान्ति क्षेत्र भन्ने नाराप्रति सरकार इमानदार रहोस्। सरकार इमानदार रूपमा प्रस्तुत नभए यसबाट निस्कने परिणामको सम्पूर्ण जिम्मेवारी सरकार हुनेछ', विज्ञप्तिमा भनिएको छ।

# प्रतिबन्धविरुद्ध युवा सङ्गठनद्वारा कोणभसभा

**कास्की** : सरकारद्वारा प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टी समर्थित युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य एवम् गण्डक ब्युरो संयोजक कुमारले गरिब, किसान, मजदुर, सुकुमबासीलगायत उत्पीडित वर्गलाई झन् उत्पीडनमा पार्न नेकपामाथि प्रतिबन्ध लगाइएको टिप्पणी गरेका छन्।

नेपाल कम्युनिस्ट पार्टी समर्थित युवा सङ्गठन नेपाल जिल्ला सङ्गठन समिति कास्कीले जेठ ५ गते कास्की जिल्लाको लेखनाथस्थित पटनेरीमा आयोजना गरेको सरकारी प्रतिबन्धविरुद्धको कोणसभामा बोल्दै युवा सङ्गठनका नेता कुमारले यस्तो बताएका हुन्।

युवा सङ्गठनका नेता कुमारले केपी-प्रचण्ड सरकार साम्राज्यवादको दलाल साबित भएको जिकिर गर्दै आफूहरूले दलाल, फटाहा र कमिसनखोरहरूलाई कारबाही गर्दा आफूहरूको पार्टी नेकपामाथि प्रतिबन्ध लगाइएको उनले बताए। उनले आफ्नो मातृ पार्टी नेकपामाथिको प्रतिबन्ध त्यस पार्टीविरुद्ध मात्र सीमित नभएको स्पष्ट पारे।

यत्रतत्र, सर्वत्र सत्ताका मतियारहरू र सुराकीहरू भए पनि उनीहरूको आँखा छलेर युवा सङ्गठन नेपाल जिल्ला सङ्गठन समिति कास्कीले गरेको उक्त कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपाल कास्कीकी संयोजक सोममाया विकले गरेकी थिइन्।

# नेकपा कपिलवस्तुद्वारा विकको रिहाइको माग गर्दै चेतावनी

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तुका जिल्ला सेक्रेटरी सुनिलले विज्ञप्ति निकाली केपी सरकारलाई धरपकड र दमन रोक्न कडा चेतावनी दिएका छन्।

जेठ ५ गते जारी उनको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले जनहित र राष्ट्रियतालाई ध्यानमा राख्दै देशमा बढ्दो भ्रष्टाचारी, दलाल, मानवतस्कर, बलात्कारी, राष्ट्रघाती र जनघातीलाई कारबाही गर्दै आएकाले केपी सरकारको असली चरित्र पर्दाफास हुने खतरा बढिरहेको निश्चित छ। सामाजिक दलाल पुँजीवादी सरकारले हाम्रा नेता-कार्यकर्तादेखि सर्वसाधारणसम्मलाई धरपकड र गिरफ्तार गर्दै आएको कुरा आपत्तिजनक छ', विज्ञप्तिमा भनिएको छ।

'नेकपा निकट भ्रातृ सङ्गठन दलित मुक्ति मोर्चा कपिलवस्तु जिल्ला सदस्य वीरबहादुर विकलाई बिनाकारण घरमा आई गिरफ्तार गरेको घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। यसरी वर्तमान केपी फासिवादी दलाल सरकारले जनताको हकअधिकारमाथि एकपछि अर्को गर्दै धावा बोलिरहेको छ। यसरी नेता-कार्यकर्तादेखि सर्वसाधारणसम्मलाई बिनाकारण गिरफ्तार गर्ने, शारीरिक तथा मानसिक यातना दिने, झूट्टा मुद्दा लगाउनेजस्ता अमानवीय कार्य तुरुन्त बन्द गरी नागरिक स्वतन्त्रताको प्रत्याभुति दिलाउन वर्तमान फासिवादी सरकारको ध्यानाकर्षण गदाउँछौँ। साथै गिरफ्तार वीरबहादुर विकलाई अविलम्ब रिहा नगरे प्रतिफल कडा हुने चेतावनी दिन्छौँ', विज्ञप्तिमा भनिएको छ।

FAST TRACK OFFER & VISA PROCESSING
Unicampus GLOBAL
STUDY ABROAD | TEST PREPARATION


STUDY ABROAD with Scholarships
AUSTRALIA THAILAND USA UK CANADA
TEST PREPARATION CLASSES FOR
IELTS | PTE | TOEFL
SAT | GRE | GMAT
SERVICES
University Selection | Course & Program Guidance | Scholarships* for deserving | Language Classes | Application & Visa Processing | Pre-Departure Orientation
BOOK YOUR SEAT NOW 9801224299
or Email: register@myunicampus.com
Bring you Academic documents for on-spot OFFER and Scholarship Eligibility.
UNICAMPUS Global Head Office, Putalisadak, Kathmandu
admission@myunicampus.com
+977-1-4423759, 4418019 +977 9851161513
Proud Member of ierin NAAER
IELTS Partner BRITISH COUNCIL
A PART OF SoftEd GROUP
GLOBAL OFFICES NEPAL New Baneshwor: 9813837123, Chitwan: 9801224290, Hetauda: 9801224293, Pokhara: 9846049095
Butwal: 9801224283 | THAILAND Bangkok: +66-994149911 | AUSTRALIA Adelaide: +61432383597
/unicampusnepal /myunicampus /myunicampus www.myunicampus.com

छिटो, छरितो, भरपर्दो, सरल
सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला।

सम्पर्कः ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,
Yeti Airlines
You come first
www.yetiairlines.com
Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.
Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com •Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

## खानेपानी आपुर्ती संरचनाहरुको प्रगति समीक्षा

| | काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | थोक वितरण प्रणाली निर्माण | ७६ | कि.मि. | ७३ |
| २ | थोक वितरण प्रणाली (Flushing & Testing) को काम | ७६ | कि.मि. | २८ |
| ३ | पानीपोखरी निर्माण कार्य | १० | वटा | ९ |
| | कूल क्षमता | ७४,५०० | घ.मि. | ६८,५०० |
| ४ | वितरण प्रणाली निर्माण कार्य | १००० | कि.मि. | ८२७ |
| ५ | धारा जडान गर्ने कार्य | १,१०,६७९ | थान | ६३,६५९ |
| ६ | सडक मर्मत कार्य | ११० | कि.मि. | ३४ |

## काठमाडौं उपत्यका फोहर पानी व्यवस्थापन आयोजना

| | कार्यहरु | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | नदी खोलाको दुबै किनारमा इन्टरसेप्टर ढल निर्माण | | | |
| | हनुमन्ते इन्टरसेप्टर (IS-01) पाइप बिछ्याउने काम | २५.३५ | कि.मि. | १५.३ |
| | मनोहरा इन्टरसेप्टर (IS-02) पाइप बिछ्याउने काम | ११.३६ | कि.मि. | ४.८ |
| | खस्याङखुसङ इन्टरसेप्टर (IS-03) पाइप बिछ्याउने काम | ७.६८ | कि.मि. | ४.८ |
| २ | फोहर पानी प्रशोधन केन्द्रहरू (WWTP) को निर्माण | | | |
| | गुह्येश्वरी WWTP (प्रशोधन क्षमता ३ करोड २४ लाख लिटर प्रतिदिन) | | प्रतिशत | ८५.९ |
| | सल्लाघारी WWTP (प्रशोधन क्षमता १ करोड ४२ लाख लिटर प्रतिदिन), बालकुमारी WWTP (१ करोड ७५ लाख लिटर प्रतिदिन) तथा धोबीघाट WWTP (७ करोड ४० लाख लिटर प्रतिदिन) | | प्रतिशत | ४.९ |

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
अनामनगर, काठमाण्डौ
टोल-फ्रि नम्बरः ११३९, फोन नंः ४२२२९८६, ४२२४९८६ एक्स्टेन्सन १३१, फ्याक्सः ४२२४०५७
www.kuklpid.org.np

निर्देशक : **गुणराज लोहनी**, प्रबन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ